# पवित्र आत्मा को हुनुहुन्छ ?

सिलास सी. नायर

जीवन मार्ग प्रकाशन

Title of the English Original:

**‘Who is the Holy Spirit?’ by Silas C. Nair**

First Edition 1991 pubilished by

GOSPEL LITERATURE SERVICE
250 D - Worli, Mumbai - 400 025
India

Publisher of the Nepali translation:

**जीवन मार्ग प्रकाशन**
**पी. ओ. बोक्स नं. २३**
**पी. ओ. कालिम्पोङ्ग - ७३४३०१**
**पश्चिम बंगाल, भारत**

www.nbcinepal.org
email: nbcinepal@gmail.com

दोस्रो संसोधित संस्करण २०२१: १,००० प्रति

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

मुद्रकः

# पवित्र आत्मा को हुनुहुन्छ ?

## सूचिः

१) पवित्र आत्मा – के उहाँ केवल एउटा प्रभाव, एउटा ईश्वरीय शक्ति हो अथवा के उहाँ एकजना व्यक्ति हुनुहुन्छ ?

२) पवित्र आत्मा परमेश्वर हुनुहुन्छ ।

३) पुरानो नियमको समयमा पवित्र आत्माको काम के थियो ?

४) पेन्टेकोष्टको दिनमा पवित्र आत्मा आउनुभएको हो ।

५) पवित्र आत्माको बप्तिस्मा भनेको के हो ?

६) वर्तमान समयमा पवित्र आत्माको काम के हो ?

७) पवित्र आत्माले नवीकरणको काम गर्नुहुन्छ ।

८) पवित्र आत्मा कहाँ वास गर्नुहुन्छ ?

९) पवित्र आत्माको छाप के हो ?

१०) पवित्र आत्माको भरपूरी के हो ?

११) पवित्र आत्माको विरोधमा गरिने पापहरू कुन-कुन हुन् ?

१२) पवित्र आत्मा र अन्य भाषाहरू

# १) पवित्र आत्मा – के उहाँ केवल एउटा प्रभाव, एउटा ईश्वरीय शक्ति हो अथवा के उहाँ एक व्यक्ति हुनुहुन्छ?

पवित्र आत्मा सत्यताको आत्मा हुनुहुन्छ। यस्तो भए पनि ख्रीष्टका अवलम्बीहरूको बीचमा धेरैजना छन्, जो पवित्र आत्माको सम्बन्धमा भ्रममा परेका छन्। कतिजनाले भन्छन्ः 'पवित्र आत्मा एक प्रकारको दिव्य प्रभाव मात्र हो।' अनि अरूले भन्छन्ः 'त्यो त मानिसहरूलाई प्रभावित पार्ने ईश्वरीय शक्ति हो।'

हामी तपाईंलाई यसको एक-दुई उदाहरण दिन्छौंः क्रिश्चन साइन्स नामक समुदायले पवित्र आत्मालाई दिव्य ज्ञान हो भनेर भन्छ भने स्पिरिटुएलिस्म्काहरूले चाहिँ सरासर पवित्र आत्माको व्यक्तित्व इन्कार गर्छन्। तिनीहरूको शिक्षाअनुसार त्यो आत्माचाहिँ कुनै धर्मी मानिसको मृत्यु भयो भने उसको आत्मा पो हो अरे। जेहोवास् वित्नेस्काहरूले पवित्र आत्माको विषयमा के सिकाउँछन् भने, पवित्र आत्मा एक अदृश्य, प्रभावकारी शक्ति हो, जुन शक्तिद्वारा सर्वशक्तिमान् परमेश्वरले आफ्ना सेवकहरूलाई आफ्नै इच्छाअनुसार चलाउनुहुन्छ रे।

तर यस विषयमा सत्य कुरा के हो, सो जान्नलाई हामीले त्यस कुरामाथि ध्यान दिनुपर्छ, जुन कुरा प्रभु येशूले पवित्र आत्माको विषयमा सिकाउनुभयो; किनभने उहाँले यसो भन्नुभयोः *'अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता, उहाँ तिमीहरूसँग सधैंभरि*

*रहिरहून् भन्ने हेतुले दिनुहुनेछ, अर्थात् सत्यताको आत्मा'* (यूहन्ना १४:१६-१७[क])। प्रभु येशूले यहाँ, यस खण्डमा अर्को एकजना शान्तिदाताको विषयमा कुरा गर्नुभयो। अनि उहाँको शब्दअनुसार ती दोस्रो शान्तिदाता उहाँजस्तै शान्तिदाता हुनुहुन्छ। यसकारण पवित्र आत्मा एउटा शक्ति मात्र हुनुहुन्न रहेछ; नत्र ता उहाँ येशूजस्तै हुनुहुने शान्तिदाता हुन सक्नुहुन्न।

## एक व्यक्तिमा आवश्यक हुने गुणहरू के-के हुन्?

एक व्यक्तिमा कम्तीमा तीनवटा नभई नहुने आधारभूत गुणहरू भएका हुनुपर्छः **क)** उसले सोच्न र विचार गर्न सक्नुपर्छ; **ख)** डर, आनन्द आदि अनुभव गर्न सकिने उसको अनुभूति हुनुपर्छ; अनि **ग)** उसको इच्छा गर्ने शक्ति भएको हुनुपर्छ। मानिसमा यी तीनवटा गुणहरू छन्; यसकारण मानिसलाई व्यक्ति भन्न मिल्छ। अनि यी गुणहरू मानिसमा सीमित मात्रामा पाइन्छन् भने यी गुणहरू परमेश्वरमा असीमित हुन्छन्।

- ☛ एक व्यक्तिले विचार गर्छ।
- ☛ एक व्यक्तिले आफ्नो अनुभूतिद्वारा किसिम-किसिमका अनुभवहरू गर्ने गर्छ।
- ☛ एक व्यक्तिले कुनै न कुनै निर्णय गर्छ; किनभने उससँग आफ्नो इच्छाअनुसार कुनै कुरा चान्ने वा इन्कार गर्ने क्षमता हुन्छ।

यी तीनवटा कुराहरू जुनसुकै व्यक्तिमा हुनुपर्छ। अनि यी तीनवटा गुणहरू हामी पवित्र आत्मामा पनि भएका पाउँछौं। किनभने परमेश्वरको वचनमा यसो लेखिएको छः *'हृदयलाई तलाश गर्नुहुने परमेश्वरले आत्माको मन (सोचविचार) के रहेछ, सो जान्नुहुन्छ'* (रोमी ८:२७)। अनि *'परमेश्वरले हामीलाई ती कुराहरू आफ्नो आत्माद्वारा प्रकट गर्नुभएको छ; किनभने आत्माले सबै कुराहरू, अँ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि तलाश गर्नुहुन्छ'* (१ कोरिन्थी २:१०)।

अनि प्रेरित पावलले एफेससको मण्डलीका विश्वासी भाइबहिनीहरूलाई यसो भन्दै अर्ती दिए: *'पवित्र आत्मालाई शोकित नपार !'* (एफेसी ४:३०)। एउटा शक्तिलाई हामीले शोकित पार्न सक्दैनौं। एक व्यक्तिले मात्र शोक वा आनन्द अनुभव गर्न सक्छ।

फेरि प्रेरित पावलले एक-एक ख्रीष्ट-विश्वासीलाई दिइएका आत्मिक वरदानहरूको सम्बन्धमा यसो लेखे: *'यी सबै कुराहरू एउटै र उहीं आत्माले गर्नुहुन्छ, जसले आफ्नै इच्छाअनुसार हरेकलाई अलग-अलग बाँड़िदिनुहुन्छ'* (१ कोरिन्थी १२:११)। यस पदअनुसार आत्मिक वरदानहरू पवित्र आत्माको इच्छाको अधीनतामा राखिएका छन् र उहाँको इच्छाअनुसार बाँड़िन्छन्।

पवित्र आत्माको सम्बन्धमा पवित्र बाइबलका अरू धेरै पदहरू छन्, जुन पदहरूमा हामी पवित्र आत्माका विभिन्न कार्यहरूको विषयमा पढ्न पाउँछौं, जुन कार्यहरूचाहिँ एकजना व्यक्तिका कामहरू हुनुपर्छ, जस्तै:

- पवित्र आत्माले शिक्षा दिनुहुन्छ, सिकाउने काम गर्नुहुन्छ (यूहन्ना १४:२६)।
- पवित्र आत्मा मानिससित बोल्नुहुन्छ, उसलाई आदेश दिनुहुन्छ र अगुवाइ गर्नुहुन्छ (प्रेरित १६:६)।
- पवित्र आत्माले प्रभुका सेवकहरूलाई सुसमाचार प्रचारको काममा बोलाउनुहुन्छ र उनीहरूलाई पठाउनुहुन्छ (प्रेरित १३:२ र ४)।
- पवित्र आत्माले विश्वासीहरूका निम्ति अन्तर्विन्ती गर्नुहुन्छ (रोमी ८:२६)।
- पवित्र आत्माको अपमान गर्न सकिन्छ (हिब्रू १०:२९)।
- पवित्र आत्माले पवित्र धर्मशास्त्र बाइबलको एक-एक खण्ड र एक-एक शब्द लेख्ने प्रेरणा दिनुभयो (२ पत्रुस १:२१)।

- अनि मानिसहरूले पवित्र आत्माको आज्ञा पालन गर्न सक्छन् (प्रेरित १०:१९-२१)।
- मानिसहरूले आफ्नो जीवनमा पवित्र आत्मालाई आदर गर्न सक्छन् (भजन ५१:११)।
- मानिसहरूले पवित्र आत्माको विरोधमा निन्दा आदि पापहरू गर्न सक्छन् (मत्ती १२:३१)।

पवित्र बाइबलका यी सबै पदहरूबाट यो कुरा सुस्पष्ट र प्रमाणित भएको छः पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ।

इतिहासको कुरा होः इस्वी संवत् ५० सालतिर यरूशलेममा पहिलो मण्डली-सभाको बैठक बसेको थियो, जहाँ प्रभु येशूका प्रेरितहरू र यरूशलेमको मण्डलीका एल्डरहरू भेला भएका थिए, जहाँ गैर-यहूदी विश्वासीहरूले मोशाको व्यवस्था पालन गर्नुपर्छ कि पालन गर्नुपर्दैन भन्ने सम्बन्धमा तिनीहरूको बीचमा छलफल, विचारविमर्शहरू चल्दैथिए। अन्तमा निचोड़मा आएर याकूबले यसो भनेर चिट्ठी लेख्न लगाएः *'यी आवश्यक कुराहरूबाहेक अरू ठूलो भारी तपाईंहरूमाथि नलाद्नु नै पवित्र आत्मालाई र हामीलाई ससल लाग्यो'* (प्रेरित १५:२८)।

प्रभु येशूले पवित्र आत्माको सम्बन्धमा फेरि अर्को कुरा पनि भन्नुभयोः *'उहाँले मेरो महिमा गर्नुहुनेछ; किनभने जे मेरो छ, त्यहीबाट उहाँले प्राप्त गर्नुहुनेछ र तिमीहरूलाई बताइदिनुहुनेछ'* (यूहन्ना १६:१४)। यस प्रकारको काम कुनै शक्तिले गर्न सक्दैन; यो एक व्यक्तिले गर्ने काम हो।

अनि नयाँ विश्वासीहरूलाई पानीको बप्तिस्मा दिँदा उनीहरूले पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा लिन्छन्। पक्का पनि यहाँ पानीको बप्तिस्मा लिँदा कुनै शक्तिको नाममा बप्तिस्मा लिइँदैन नै। यसकारण पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भन्ने कुरा विश्वास गर्नु हर हिसाबले उचित र न्यायसँगत छ। उहाँ एउटा शक्ति मात्र कहाँ हो र, उहाँ त परमेश्वर पो हुनुहुन्छ।


## २) पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

पवित्र बाइबलमा परमेश्वरको व्यक्तित्व यस प्रकारले प्रकट गरिएको छः पिता, पुत्र र पवित्र आत्मा – तीन व्यक्ति एक ईश्वर। अनि यी तीनजना व्यक्ति एकसमान हुनुहुन्छ। तीनैजना अनन्त हुनुहुन्छ। तीनैजना एक हुनुहुन्छ। तीनैजना पूरा रूपले परमेश्वर हुनुहुन्छ।

यो अपार कुरा बुझ्नका निम्ति हामीले याद गर्नुपर्छः मानिस पनि परमेश्वरको प्रतिरूपमा बनाइएको त्रीएक सृष्टि हो। मानिसको आत्मा, प्राण र शरीर छ; अनि यी तीनै कुराले मानिस बनिएको छ।

श्री राइमोन्ड लुल्ले निम्न चित्रद्वारा यो कुरा सुस्पष्ट पार्न खोजे, कि परमेश्वरका तीन व्यक्तिहरू एक ईश्वर हुनुहुन्छ; उहाँहरू एकै परमेश्वरलाई विभिन्न रूपमा प्रदर्शन गर्नेहरू हुनुहुन्न।

### त्रिएक परमेश्वरः



परमेश्वरका विशेष सद्‌गुणहरू छन्, जुन सद्‌गुणहरू अरू कसैमा हुँदैनन्, तर उहाँमा मात्र सीमित हुन्छन्। अनि यी विशेषताहरूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरा हामीलाई चिनाउँछन्। जस्तै, उदाहरणको लागि हामी एउटा भुकुण्डो लिऔं! भुकुण्डो सधैं गोलो हुन्छ, अनि जुन चीज गोलो होइन, त्यो भुकुण्डो हुनै सक्दैन। ठीक त्यस्तै पवित्र आत्मामा ईश्वरीय गुणहरू छैनन् भने उहाँ परमेश्वर हुनुहुन्न। तर उहाँमा यी ईश्वरीय गुणहरू छन् भने पवित्र आत्मालाई परमेश्वर भन्न सुहाउँछ।

## अरू कसैमा नहुने, तर परमेश्वरमा मात्र सीमित रहेका यी सद्‌गुणहरू के-के हुन्?

परमेश्वरका सद्‌गुणहरूमध्ये कतिचाहिँ उहाँको स्वभावका प्राकृतिक गुणहरू र कति उहाँको स्वभावका नैतिक गुणहरू हुन्।

परमेश्वरको स्वभावका केही प्राकृतिक गुणहरू यस प्रकारका छन्ः

- उहाँ सर्वज्ञानी हुनुहुन्छ र सबै कुराहरू जान्नुहुन्छ।
- उहाँ सर्वशक्तिमान् हुनुहुन्छ र उहाँको निम्ति कुनै कुरा असम्भव हुँदैन। उहाँको शक्ति अपार र असीमित हुन्छ।
- उहाँ सर्वव्यापी हुनुहुन्छ र एकै समयमा हरेक ठाउँमा उपस्थित हुनुहुन्छ।
- उहाँ एकसमान रहनुहुन्छ र उहाँमा कहिल्यै कुनै बदलाउ वा परिवर्तनको छाया समेत हुँदैन।
- उहाँ अनन्त हुनुहुन्छ र उहाँमा कुनै शरु र कुनै अन्त हुँदैन।
- उहाँ अविनाशी हुनुहुन्छ; यसैले उहाँ कहिल्यै नाश हुनुहुनेछैन।
- उहाँ अदृश्य हुनुहुन्छ; अहिलेसम्म कुनै मानिसले उहाँलाई देखेका छैनन् र कहिल्यै देख्न सक्दैनन्।

❖ उहाँ आत्मा हुनुहुन्छ र निराकार हुनुहुन्छ। कसैले पनि उहाँलाई कुनै रूप दिनुहुँदैन। उहाँलाई पुज्नेहरूले उहाँलाई आत्मा र सत्यतामा पुज्नुपर्छ।

❖ उहाँ सर्वाधिकारसुसम्पन्न हुनुहुन्छ; कसैले उहाँको काम रोक्न सक्दैन।

## क) पवित्र आत्मा सर्वज्ञानी हुनुहुन्छ

अब हामी पवित्र आत्माका सद्गुणहरूमध्ये केही मुख्य गुणहरू हेरौं !

जुन बेलामा परमेश्वरको वक्ता यशैयाले परमेश्वरको महानता र मानिसको हीनता बयान गरे, त्यस बेलामा उनले यसो भनेः *'कसले परमप्रभुको आत्मालाई आदेश दिएको छ? अथवा उहाँको सल्लाहकार भएर कसले उहाँलाई शिक्षादिक्षा दिएको छ?'* (यशैया ४०:१३)। यस प्रश्नको उत्तर यो होः कसैले पनि उहाँलाई आदेश दिएकै छैन; अँ, कसैले उहाँलाई सिकाएको पनि छैन। *'प्रकाश पाउनलाई उहाँले कससित सल्लाह लिनुभयो? अनि कसले उहाँलाई ज्ञान सिकायो र उहाँलाई समझको मार्ग देखायो?'* (यशैया ४०:१४)। अनि यस प्रश्नको उत्तर पनि स्पष्ट छः उहाँले कसैसित सल्लाह लिनुहुन्न; अनि कसैले पनि उहाँलाई सिकाउनुपर्दैन; किनभने उहाँ सबै कुराहरू जान्नुहुन्छ। उहाँको ज्ञानको सीमा हुँदैन। यस सम्बन्धमा १ कोरिन्थी २:१०-११ र रोमी ८:२६-२७ पद पनि पढ्नुहोला।

## ख) पवित्र आत्मा सर्वशक्तिमान् हुनुहुन्छ।

स्वर्गमा एकजना दूतले प्रभु येशूको अलौकिक जन्मको विषयमा भविष्यवाणी गर्दाखेरि येशूकी भावी आमा मरियमलाई यसो भनेः *'पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, र परमप्रधानको शक्तिले तिमीमाथि छाया पार्नेछ; यसकारण तिमीबाट जन्म लिनुहुने पवित्र जनचाहिँ परमेश्वरको पुत्र कहलाइनुहुनेछ। ... किनभने परमेश्वरको निम्ति कुनै कुरा पनि असम्भव हुनेछैन नै'* (लूका १:३५ र ३७)।

पुरानो नियमको जकरिया नामक पुस्तकमा परमेश्वरले यहूदाका बढ़ा हाकिम यरूबाबेललाई परमप्रभुको मन्दिर निर्माण गर्ने सम्बन्धमा उत्साह दिनुभयो। सर्वशक्तिमान् परमेश्वरले तिनको सामु सबै बाधाहरू हटाउनुहुनेछ र मन्दिरको निर्माण-कार्य सुचारु रूपले अघि बढ्नेछ र एक दिन पूरा हुनेछ। *'यरूबाबेलको निम्ति परमप्रभुको यो वाणी छः न ता बलले, न शक्तिले, तर मेरो आत्माले भनेर सेनाहरूको परमप्रभुले भन्नुहुन्छ।' 'ए ठूलो पहाड़, तँ को होस्? यरूबाबेलको सामु तँ मैदान बन्नेछस्!'* (जकरिया ४:६-७)। यसर्थ त्यहाँ कुनै यस्तो बाधा नै छैन, जुन बाधा परमप्रभुको आत्माले हटाउन सक्नुहुन्न; किनभने उहाँ सर्वशक्तिमान् हुनुहुन्छ।

## ग) पवित्र आत्मा सर्वव्यापी हुनुहुन्छ।

भजन १३९ अध्यायचाहिँ यस सम्बन्धमा प्रमुख खण्ड हो। जब राजा दाऊदले परमेश्वरको आत्माको विषयमा विचार गरे, तब उनले उहाँदेखि लुक्न सक्दिनँ भन्ने कुरा स्पष्टसँग बुझे। हामीले सोचविचार गरेको हरेक कुरा पवित्र आत्माले जान्नुहुँदो रहेछ। उहाँको निम्ति न आकाश उच्च, न पाताल गहिरो हुन्छ; उहाँको निम्ति उज्यालो र अन्धकार केही पनि हुँदैन; उहाँको निम्ति नजिक वा टाढ़ा केही पनि हुँदैन। किनकि उहाँ एकै समयमा सबै ठाउँहरूमा उपस्थित हुनुहुन्छ।

*'तपाईंको आत्माको दृष्टिबाट म कहाँ जाऊँ, अथवा तपाईंको सामुबाट म कहाँ भागूँ? आकाशमा म उक्लें भने तपाईं त्यहाँ हुनुहुन्छ; पातालमा मैले आफ्नो ओछ्यान बनाएँ भने हेर्नुहोस्, त्यहाँ पनि तपाईं हुनुहुन्छ। बिहानका पखेटामा उड़ेर म समुद्रको पल्लो किनारमा बसें भने पनि त्यहाँ पनि तपाईंको हातले मलाई डोऱ्याउनेछ, र तपाईंको दाहिने हातले मलाई समात्नेछ। "निश्चय अन्धकारले मलाई ढाक्नेछ" भनेर मैले भनें भने रात पनि मेरो वरिपरि ज्योति भइदिनेछ; अँ, अन्धकारले तपाईंबाट लुआउँदैन; तर रात त दिनजस्तै चम्कन्छ; तपाईंको निम्ति अँध्यारो र उज्यालो दुवै एकै हुन्।'* भजन १३९:७-१२

यस खण्डले स्पष्ट गरी के देखाएको छ भने, परमेश्वरको आत्मा एकै समयमा सबै ठाउँहरूमा उपस्थित हुनुहुन्छ ।

## घ) अनादिदेखि अनन्तसम्म उहाँ एकसमान रहनुहुन्छ र उहाँमा कहिल्यै कुनै बदलाउ वा परिवर्तनको छाया समेत हुँदैन ।

परमेश्वर अनन्त हुनुहुन्छ । यसर्थ पवित्र आत्मा पनि अनन्त हुनुपर्छ । प्रभु येशूको मृत्युको सम्बन्धमा हिब्रूको पुस्तकमा लेखिएको छ, कि अनन्त आत्माद्वारा प्रभु येशू ख्रीष्टले आफूलाई परमेश्वरको सामु निष्कलङ्क बलिको रूपमा चढ़ाउनुभयो (हिब्रू ९:१४) ।

## परमेश्वरका नैतिक गुणहरू

परमेश्वरका नैतिक गुणहरूमध्ये केही यहाँ प्रस्तुत गरिएका छन्, जुन सद्‌गुणहरू पवित्र आत्माका ईश्वरीय सद्‌गुणहरू हुन् । पवित्र आत्माका यी सद्‌गुणहरू यस प्रकारका छन्ः

- ❖ उहाँ पवित्र हुनुहुन्छ (रोमी १:४; एफेसी ४:३०; २ थेस्सलोनिकी २:१३)
- ❖ उहाँ सत्य हुनुहुन्छ (यूहन्ना १४:१७ र १६:१३)
- ❖ उहाँ धार्मिकता र न्यायको आत्मा हुनुहुन्छ (यशैया ४:४ र २८:६)
- ❖ उहाँ अनुग्रही र कृपालु हुनुहुन्छ। (हिब्रू १०:२९; फिलिप्पी २:१)
- ❖ उहाँ प्रेमको आत्मा हुनुहुन्छ (२ तिमोथी १:७ र कलस्सी १:८)
- ❖ उहाँ आनन्द र शान्तिको आत्मा हुनुहुन्छ (गलाती ५:२२; १ थेस्सलोनिकी १:६)

- ❖ उहाँ बुद्धिको आत्मा हुनुहुन्छ (एफेसी १:१७)।
- ❖ उहाँ शक्ति र साहसको आत्मा हुनुहुन्छ (२ तिमोथी १:७)
- ❖ उहाँ स्वतन्त्र पार्ने आत्मा हुनुहुन्छ (२ कोरिन्थी ३:१७)

शुरुमा हामीले देखिसक्यौं, कि पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ; अनि अहिले हामीले बुझ्यौं, कि उहाँ एक व्यक्ति मात्र हुनुहुन्न, तर पवित्र आत्मा आफ्ना ईश्वरीय सद्‌गुणहरूअनुसार परमेश्वर पनि हुनुहुन्छ।

# ३) पुरानो नियमको समयमा पवित्र आत्माको काम के थियो?

अहिलेसम्म हामीले बुझ्न पायौंः पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ; उहाँ परमेश्वर हुनुहुन्छ। तर हाम्रो मनमा निम्न प्रश्नहरू उठ्न सक्छन्ः के पवित्र आत्माले पेन्टेकोष्टको दिनभन्दा अघि अरू कुनै समयमा काम गर्नुभएको थियो कि? किनभने पेन्टेकोष्टको दिनमा उहाँ प्रभु येशूका चेलाहरूमाथि आउनुभयो र त्यस दिनदेखि उहाँले उनीहरूद्वारा काम गर्नुहुन्थ्यो। यो हामीलाई विदितै छ। तर के उहाँले पुरानो नियममा बयान गरिएको मानव-इतिहासको अवधिमा अथवा इस्राएलीहरूको बीचमा कुनै समयमा काम गर्नुभएको थिएन र? अनि के पेन्टेकोष्टको दिनको अघि उहाँले गर्नुभएका कामहरू र पेन्टेकोष्टको दिनपछि अपनाउनुभएका कार्यहरूमा केही भिन्नता छ कि छैन?

इसाईहरूको बीचमा यस सम्बन्धमा निक्कै भ्रम फैलिएको देखिन्छ। पिता परमेश्वरले सृष्टिको काम गर्नुभयो भने परमेश्वरको पुत्र प्रभु येशूले हाम्रा निम्ति त्राणको काम पूरा गर्नुभयो। अनि पवित्र आत्माचाहिँ – उहाँले हामीलाई प्रभु येशूकहाँ ल्याउने काम गर्नुहुन्छ। धेरैजनाको धारणा यो हो। तर यस विचारमा केही त्रुटि हुनुपर्छ; किनभने वास्तवमा परमेश्वरका सबै कार्यहरूमा पिता, पुत्र र पवित्र आत्मा तीनैजनाको हात छ।

## क) सृष्टिमा पवित्र आत्माको काम

सृष्टिको शुरुमा पवित्र आत्मा हुनुहुन्थ्यो; अनि उहाँले चाहिँ विश्व-मण्डलको नियमित क्रम मिलाउनुभयो। किनभने परमेश्वरको वचन-अनुसार परमेश्वरको आत्मा पानीमाथि घुमिरहनुहुन्थ्यो (उत्पत्ति १:२)। हामी चलफिर गरेको संसार पवित्र आत्माको कामको पक्का प्रमाण हो। अनि मानिसको पापले गर्दा यस धरतीमाथि आएको श्रापले यो कुरा मेटाउन सकेको छैन। विश्वको सृष्टि कति विशाल, कति महान् छ!! मानिसले यसको एक छेउ पनि बुझ्न सकेको छैन। किनभने आकाश-मण्डलमा अनगिन्ती र असङ्ख्य ताराहरू छन्। तब यो बुझिराखौं: पवित्र आत्माले नै आकाशलाई सिँगार्नुभएको थियो। पृथ्वीको नवीकरण पनि पवित्र आत्माको काम हो (यशैया ४०:७, भजन १०४:३०)। पवित्र आत्माले वर्तमान समयमा पनि यस संसारमा भएका सबै मानिसहरू, सबै पशुप्राणीहरू र सबै रूखपातहरूमा तिनीहरूको जीव-शक्ति कायम राख्नुहुन्छ (भजन १०४:१०-१४ र ३०)।

मानिस एक चेतनशील प्राणी हो। अनि मानिसमा भएको जीवनचाहिँ उसको ज्योति बनेको छ। मानिसभित्र विवेक छ र यसैकारण उससँग आफ्नो सृष्टिकर्ताको विषयमा ज्ञान छ। मानिसलाई जीवन दिनुहुनेचाहिँ परमेश्वरको आत्मा हुनुहुन्छ (उत्पत्ति २:७; अय्यूब ३३:४)।

## ख) पवित्र धर्मशास्त्र बाइबल लेख्ने प्रेरणा पवित्र आत्माको काम हो

पवित्र बाइबलचाहिँ परमेश्वरको आत्माको प्रेरणाले पूर्ण भएको दिव्य पुस्तक हो। परमेश्वरले कतिजना पवित्र मानिसहरूलाई प्रयोग गर्नुभयो, जसले पवित्र आत्माको प्रेरणा पाएर परमेश्वरका वचनहरू बोल्थे र उहाँको एक-एक वचन लेख्थे (२ पत्रुस १:२१)। पवित्र आत्माले उनीहरूलाई दिव्य वाणी दिनुहुन्थ्यो र उनीहरूलाई वचन बोल्दा पनि नियन्त्रण

गर्नुहुन्थ्यो। उहाँले परमेश्वरका वक्ताहरूलाई यस्तो ज्ञान दिनुहुन्थ्यो, जुन प्रकारको ज्ञान उनीहरूले आफ्नो बुद्धि र समझले कहिल्यै पत्ता लगाउन सक्नेथिएनन्। यसकारण परमेश्वरको आत्माले साधारण मानिसहरूलाई प्रयोग गर्नुभए पनि वचन बोल्नुहुने वा उच्चारण गर्नुहुने उहाँ स्वयम् हुनुहुन्थ्यो। उहाँ सत्यको आत्मा हुनुभएको हुनाले उहाँले उनीहरूलाई कुनै त्रुटि गर्न दिनुभएन। एक-एक वचनभित्र आफ्नो सास फुकेझैं पवित्र धर्मशास्त्र बाइबल लेख्ने प्रेरणा परमेश्वरको आत्माको काम हो (२ तिमोथी ३:१६)।

## ग) पुरानो नियमको समयमा मानिसको सम्बन्धमा पवित्र आत्माको काम के थियो ?

पुरानो नियमको समयमा पवित्र आत्मा आफूले छान्नुभएको कुनै न कुनै मानिसमाथि उत्रनुहुन्थ्यो। इस्राएलीहरूको इतिहास साक्षी छः बेला-बेलामा उहाँ कुनै मानिसमाथि ओर्लेर उसलाई कुनै विशेष कार्यको निम्ति प्रयोग गर्नुहुन्थ्यो। यहाँ हामी इस्राएलीहरूमाथि न्यायकर्ताहरू भएको समयको एक उदाहरण दिन्छौंः परमप्रभुको आत्मा गिदोनमाथि आउनुभयो, अनि उनले त्यही आत्माको शक्तिले इस्राएलीहरूलाई तिनीहरूका शत्रुहरूको हातबाट छुटकारा दिए (न्यायकर्त्ता ६:३४)। परमेश्वरको आत्माले उनलाई यस कामको निम्ति अलौकिक शक्ति दिनुभयो। त्यस प्रकारले परमेश्वरको आत्माले सेनाको प्रधान अमासैलाई प्रेरणा र साहस दिनुभयो (१ इतिहास १२:१८)। अनि परमेश्वरको आत्मा पूजाहारी यहोयादाका छोरा जकरियामाथि उत्रनुभयो, र उहाँले उनलाई भविष्यवाणी बोल्न लगाउनुभयो (२ इतिहास २४:२०)। परमेश्वरको आत्मा शिमसोनमाथि पनि आउनुभयो, र उनलाई विशेष शिक्ति दिनु-भयो। यही शक्तिमा उनले एउटा सिंहलाई मारे (न्यायकर्त्ता १४:६)। परमेश्वरको आत्मा शाऊलमाथि उत्रनुभयो, र तिनले भविष्यवाणी गरे (१ शमूएल १०:१०)। भविष्यवक्ता शमूएलले दाऊदलाई राजा हुनलाई

अभिषेक गरेपछि परमेश्वरको आत्मा दाऊदमाथि आउनुभयो र जीवनभरि उनीसित रहनुभयो (१ शमूएल १६ः१३)।

परमेश्वरको आत्माले बजलेललाई भरेर तिनलाई विशेष ज्ञान र सीपले भरिदिनुभयो (प्रस्थान ३१ः३)। अनि मिस्र देशका फाराओले पनि यूसुफको विषयमा 'यिनी परमेश्वरको आत्मा भएको मानिस हुन्' भन्ने साक्षी दिए; किनभने यिनले पवित्र आत्माको सहायताले उनको सपनाको अर्थ खोल्न सके (उत्पत्ति ४१ः३८)।

यी सबै मानिसहरूमाथि परमेश्वरको आत्मा कुनै समयको निम्ति आउनुभयो, र उनीहरूलाई कुनै विशेष कार्यको निम्ति प्रयोग गर्नुभयो।

प्रभु येशू आउनुभन्दा अघि बप्तिस्मा दिने यूहन्ना परमेश्वरको आत्माले भरिए; अनि यसरी उनले आफ्नो सेवकाइको निम्ति आत्मिक शक्ति पाए। कन्या मरियमको कोखमा प्रभु येशूको गर्भधारण पनि पवित्र आत्माको शक्तिद्वारा मात्र सम्भव भयो। अनि प्रभु येशूले पवित्र आत्माको अभिषेक पाएर आफ्नो सेवकाइ आत्माको भरपूरीमा गर्नुहुन्थ्यो (लूका १ः१५-१७; लूका १ः३५; लूका ३ः२१-२२; लूका ४ः१८; प्रेरित १०ः३८)।

# ४) पेन्टेकोस्टको दिनमा पवित्र आत्मा आउनुभएको हो।

अब नयाँ नियमको समयमा आउनुहोस्! प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'म पितालाई प्रार्थना गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता, उहाँ सधैंभरि तिमीहरूसँगै रहिरहून् भन्ने हेतुले दिनुहुनेछ'* (यूहन्ना १४ः१६)। प्रभु येशू मरेकाहरूको बीचबाट बौरिउठ्नुभएको चालीस दिनहरूभित्र उहाँले आफूलाई आफ्ना चेलाहरूकहाँ जीवित हुनुभएको देखाउनुभयो। आफ्नो स्वर्गारोहण हुनुभन्दा अघि उहाँले आफ्ना चेलाहरूलाई यसो भन्ने आदेश दिनुभयोः

*‘यरूशलेम छोड़ेर तिमीहरू कतै नजानू, तर पिताको प्रतिज्ञालाई फर्खनू !’* (प्रेरित १:४)। प्रभु येशूले लूका २४:४९ पदमा गर्नुभएको प्रतिज्ञा-अनुसार पवित्र आत्मा पेन्टेकोष्टको दिनमा उहाँका चेलाहरूमाथि आउनुभयो, र त्यस दिनदेखि उहाँले उनीहरूमा वास गर्नुभयो। यसरी नै त्यस दिनमा प्रभु येशूको मण्डली जन्म्यो – परमेश्वरको नयाँ, आत्मिक मन्दिरको सृष्टि भयो। योचाहिँ इतिहासमा घटेको सुनिश्चित घटना थियो।

## क) पेन्टेकोष्ट भनेको के हो ?

लेवीको पुस्तकको २३ अध्यायमा यहूदीहरूलाई मान्नका निम्ति दिइएका परमप्रभुका कति चाड़हरू उल्लेख गरिएका छन्, जुन चाड़हरू यहूदीहरूले सालिन्दा मान्ने गर्थे, जस्तै निस्तार-चाड़, अखमिरे रोटीहरूको चाड़, पहिलो फलको चाड़ र डोलाउने रोटीहरूको चाड़, जसलाई पेन्टेकोष्टको चाड़ पनि भनिन्थ्यो।

**निस्तार-चाड़ः**

यो निस्तार-चाड़चाहिँ वर्षको पहिलो महिनाको चौधौं दिनमा मानिन्थ्यो। यस चाड़मा यहूदीहरूले मिस्र देशको दासत्वबाट छुटकारा पाएको स्मरणीय घटनाको सम्झना गर्थे। किनभने परमप्रभुले इस्राएली-हरूलाई त्यस दिनमा निस्तारको पाठो मार्ने र पकाएर खाने आज्ञा दिनुभएको थियो। जुन-जुन घरहरूमा त्यस पाठोको मासु खाइन्थ्यो, ती घरहरूको ढोका-ढोकाको चौकसका दुवैपट्टिका खामाहरूमा र माथिल्लो तेस्रो काठमा तिनीहरूले त्यस निस्तारको पाठोको रगत लगाउनुपरेको थियो। अनि यस्तो भयोः त्यस रात परमप्रभुका मृत्यु ल्याउने दूत मिस्र देशबाट भएर गए, र जुन-जुन घरमा तिनले त्यो रगत देखे, ती घरहरू तिनले छोड़िदिए। तर त्यस रात मिस्रीहरूको एक-एक घरमा पहिलो जन्मेको जेठा मारियो, अँ, तिनीहरूका सबै जेठा छोराहरूको मृत्यु भयो।

यहूदीहरूले परमप्रभुबाट वर्षपिच्छे यो निस्तार-चाड़ मान्ने आदेश पाए। यस चाड़को आत्मिक अर्थ प्रभु येशूको क्रूसको मृत्युमा पूरा भयो। किनभने प्रभु येशू नै हाम्रो सिद्ध निस्तारको पाठो हुनुहुन्छ (१ कोरिन्थी ५:७)।

**अखमिरे रोटीहरूको चाड़ः**

अनि यहूदीहरूको समय-तलिकाअनुसार त्यस पहिलो महिनाको पन्ध्रौं दिनदेखि सात दिनसम्म यो अखमिरे रोटीहरूको चाड़ मानिन्थ्यो। अनि यी सात दिनहरूमा तिनीहरूका घरहरूमा कुनै खमीर हुनुहुँदैनथियो। खमीर दुष्टताको प्रतीक हो। अनि यस चाड़को आत्मिक अर्थ प्रभु येशूसित हाम्रो सँगति र उहाँमा हाम्रो पवित्र चाल हो। किनभने प्रेरित पावलले हामीलाई यस प्रकारको अर्ती दिन्छन्ः *'यसकारण पुरानो खमीर निकालेर आफूलाई शुद्ध पार, कि तिमीहरू नयाँ ढिका हुन सक, जस्तै अखमिरे तिमीहरू छौ पनि। किनभने ख्रीष्ट पनि, जो हाम्रो निस्तारको पाठो हुनुहुन्छ, हाम्रा निम्ति बलिदान हुनुभएको छ। यसकारण आओ, हामी पुरानो खमीरले होइन, न ता द्वेष र दुष्टताको खमीरले नै, तर इमानदारी र सत्यताका अखमिरे रोटीले यो चाड़ मनाऔं!'* (१ कोरिन्थी ५:७-८)।

**पहिलो फलको चाड़ः**

त्यस पहिलो महिनाको सोह्रौं दिनमा यहूदीहरूले डोलाउने भेटीको रूपमा पहिलो फल चढ़ाउँथे। त्यस दिनमा फसलको पहिले काटेको बिटा ल्याएर तिनीहरूले त्यो बिटा परमप्रभुको निम्ति पहिलो फलको भेटीको रूपमा चढ़ाउँथे। यस चाड़को आत्मिक अर्थ प्रभु येशूको बौरिउठाइमा पूरा भएको छ। किनभने पहिलो फलको चाड़को दिन निस्तार-चाड़देखिको तेस्रो दिन थियो। प्रभु येशू मरेको तेस्रो दिनमा मरेकाहरूबाट फेरि जिउँदो भई बौरिउठ्नुभयो। यसरी नै ख्रीष्ट येशू बौरिउठ्नुमा प्रथम हुनुभयो। यस हिसाबले उहाँचाहिँ त्यो पहिलो फल हुनुहुन्छ (१ कोरिन्थी १५:२३)।

**डोलाउने रोटीहरूको 'पेन्टेकोष्ट' नामक चाड़ः**

जुन दिनमा यहूदीहरूले फसलको पहिले काटेको बिटा पहिलो फलको रूपमा चढ़ाउँथे, त्यस दिनदिखि तिनीहरूले सात विश्रामदिनहरू गन्नुपर्थ्यो, खास गरी सातौं विश्रामदिनको भोलिपल्टसम्म तिनीहरूले पचास दिनहरू गन्नुपर्थ्यो। त्यही पचासौं दिनचाहिँ नामको अर्थअनुसार पेन्टेकोष्टको दिन थियो। अनि त्यस दिनको निम्ति परमप्रभुको आदेश यस प्रकारको थियोः *'तिमीहरूले आफ्ना वासस्थानहरूदेखि एपाका दस भागका दुई भागको पीठोले बनाइएको दुईवटा डोलाउने रोटी ल्याउनू ! ती रोटीहरू मैदाका, अँ, खमीर मिसाएर पकाइएका होऊन्; ती रोटीहरू परमप्रभुको निम्ति पहिलो फलहरू होऊन् !'* (लेवी २३ः१७)।

यी डोलाउने रोटीहरू दोस्रो धन्यवादको भेटी थिए। यस चाड़ले हामीलाई प्रभु येशूको मृत्यु र बौरिउठाइपछि हुने परमेश्वरको ठूलो आत्मिक फसलको विषयमा सिकाउँछ। यस फसल भित्र्याउने काममा पवित्र आत्मा कार्यरत हुनुहुन्छ। उहाँले जाति-जातिका मानिसहरूलाई ख्रीष्ट येशूकहाँ ल्याएर तिनीहरूलाई उहाँमा एक तुल्याउनुहुन्छ। येशूमा मुक्ति पाएकाहरूलाई लिएर उहाँले उनीहरूलाई परमेश्वरकहाँ धन्यवादको भेटीको रूपमा हाजिर गराउनुहुन्छ।

## ख) तब पेन्टेकोष्टको दिनमा के भयो त ?

निस्तार-चाड़को आत्मिक अर्थले प्रभु येशूको क्रूसको मृत्यु सङ्केत गर्छ भने पहिलो फलको चाड़मा डोलाउनुपर्ने त्यस फसलको पहिले काटेको बिटाले प्रभु येशूको बौरिउठाइ दर्साउँछ। अनि पेन्टेकोष्टको दिनचाहिँ – यस दिनको खास अर्थ के हो त ? प्रभु येशूको बौरि-उठाइदेखि पचास दिनहरू बिते, र पिताले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुने त्यो विशेष दिन आयो, जुन दिनमा पवित्र आत्मा प्रभु येशूका चेलाहरूमाथि उत्रनुभयो। यसको विषयमा प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको

थियो र यही कारणले उहाँले उनीहरूलाई यरूशलेम छोड़ेर नजाने आदेश दिनुभएको थियो। अनि त्यो पेन्टेकोष्टको विशेष ऐतिहासिक दिन पूरा भयो। पेन्टेकोष्टको दिनमा प्रभुका चेलाहरू सबै एकै मनका भई एकै ठाउँमा भेला भएका थिए। उनीहरू पिताको प्रतिज्ञा पाउन तयार थिए।

पवित्र आत्मा आउनुभएको दिनमा आँधी चलेझैं हुरूरूरू आवाज सुनियो, र आगोका जस्ता चिरा परेका जिब्राहरू देखा परे र प्रभुका चेलाहरूको एक-एकमाथि बसे; अनि उनीहरू सबैजना पवित्र आत्माले भरिए। यसरी पवित्र आत्मा आउनुभयो, र यसरी नै उहाँले प्रभु येशूका चेलाहरूभित्र वास गर्नुभयो। अनि यसरी नै उनीहरू प्रभुको मण्डली, अँ, ख्रीष्टको आत्मिक शरीर बने।

अघि हामीले देखाइसक्यौं, कि पुरानो नियमको समयमा पवित्र आत्मा कता-कतै आफूले छान्नुभएका कुनै-कुनै मानिसमाथि उत्रनुहुन्थ्यो; अनि त्यसपछि उहाँले ती मानिसहरूलाई कुनै विशेष कार्यको निम्ति प्रयोग गर्नुहुन्थ्यो। तर पेन्टेकोष्टको दिनमा पवित्र आत्मा त्यहाँ भेला भएका प्रभुका सबै चेलाहरूमाथि उत्रनुभयो, र उहाँले उनीहरूभित्र वास गर्नुभयो। त्यस दिनमा परमेश्वरको मन्दिररूपी प्रभुको मण्डली बन्यो, जुन मन्दिर पवित्र आत्माले भरियो। त्यस दिनदेखि उसो उहाँ त्यहाँ सधैंको निम्ति वास गर्नुहुन्छ। प्रभुको मण्डली पेन्टेकोष्टको दिनमा शुरु भएको हो। प्रभु येशको क्रूसको मृत्युद्वारा मानिसहरूका निम्ति परमेश्वरको अनुग्रहको प्रबन्ध तयार गरिएको थियो भने त्यो अनुग्रह पेन्टेकोष्टको दिनदेखि पवित्र आत्माद्वारा सबै मानिसहरूका निम्ति उपलब्ध गरिएको छ। पेन्टेकोष्टको दिन ख्रीष्ट येशूको मण्डलीको सुरुवात हो।

पेन्टेकोष्टको दिनमा परमेश्वरले प्रभु येशूचाहिँ उहाँले चुन्नुभएको मुक्तिदाता 'ख्रीष्ट' हुनुहुन्छ भन्ने कुरामा आफ्नो छाप लगाउनुभयो र आफूले प्रतिज्ञा गर्नुभएको कुरा पूरा गर्नुभयो। प्रभु येशूका चेलाहरूको जीवनमा एउटा नयाँ आत्मिक शक्ति प्रवेश गरियो। प्रभु येशूको क्रूसको मृत्यु एक ऐतिहासिक घटना हो, जुन घटना फेरि कहिल्यै दोहोरिनेछैन भने पेन्टेकोष्टको दिन अर्थात् पवित्र आत्मा आउनुभएको घटना पनि एक ऐतिहासिक घटना हो, जुन घटना पनि फेरि कहिल्यै दोहोरिनेछैन।

पेन्टेकोष्टको दिनमा त्यहाँ, प्रभुका चेलाहरू बसेको त्यस घरमा के-के भएको थियो त? तपाईंले यसको मतलब बुझ्ने कोशिश गर्नुहोस्! पुरानो नियमको समयको कुरा होः मोशाको समयमा, जब भेट हने पाल पहिलो पल्ट खड़ा गरियो, तब त्यो भेट हुने पाल बादलले ढाकियो र त्यो पवित्र वासस्थान परमप्रभुको महिमाले भरियो (प्रस्थान ४०:३४-३५)। अनि जब राजा सुलेमानले परमेश्वरको भवन स्थापित गरिसके, तब त्यो भवन पनि परमेश्वरको महिमाले भरियो (१ राजा ८:११)। अब नयाँ नियमको समयमा आउनुहोस्! पेन्टेकोष्टको दिनमा परमेश्वरले अर्को मन्दिर छान्नुभयो। अबचाहिँ उहाँ कुनै भवनमा होइन, तर जीवित पत्थर-हरूले बनेको नयाँ आत्मिक घरमा वास गर्नुहुन्छ (१ पत्रुस २:४-५)।

परमेश्वरले ठहराउनुभएको समय पूरा भयो, र उहाँले आफ्ना पुत्रलाई यस संसारमा पठाउनुभयो (गलाती ४:४)। अनि पेन्टेकोष्टको दिन पनि पूरा भयो, जुन दिनमा पवित्र आत्माले परमेश्वरको त्यस नयाँ मन्दिरलाई भरिदिनुभयो र त्यसमा वास गर्नुभयो (१ कोरिन्थी ३:१६)। त्यस दिनदेखि पवित्र आत्मा एक-एक ख्रीष्ट-विश्वासीभित्र वास गर्नुहुन्छ। अनि त्यस दिनदेखि उहाँ ख्रीष्टको देहमा अर्थात् ख्रीष्टको मण्डलीमा पनि वास गर्दै हुनुहुन्छ (एफेसी २:२१-२२)। यस सम्बन्धमा हामी पछि अझ कुरा गर्नेछौं; किनभने पेन्टेकोष्टको दिनमा आत्माको बप्तिस्मा पनि पूरा भएको हो।

## ५) पवित्र आत्माको बप्तिस्मा भनेको के हो?

हामीले तपाईंलाई बताइसक्यौं कि पेन्टेकोष्टको दिनमा नै ख्रीष्टको देह, उहाँको मण्डलीको स्थापना भएको हो। पेन्टेकोष्टको दिन आउनु-भन्दा अघि प्रभु येशूका चेलाहरूको झुण्ड त थियो; तर पेन्टेकोष्टको दिनमा मात्र उनीहरू ख्रीष्टको शरीर बने। अनि यो काम पवित्र आत्माले पूरा गर्नुभयो, जुन काम पवित्र आत्माको बप्तिस्मा भनिन्छ।

इसाईहरूको बीचमा धेरैजना छन्, जो यस सम्बन्धमा अलमल्ल परेका छन्। उनीहरूले पवित्र आत्माको बप्तिस्मा र उहाँको भरपूरीको बीचमा छुट्ट्याउनै सक्दैनन्। तर आत्माको बप्तिस्मा र आत्माको भरपूरी एउटै कुरा होइन, तर पवित्र आत्माका विभिन्न सेवाका कामहरू हुन्। पवित्र आत्माको बप्तिस्माको सम्बन्धमा हामी सुसमाचारका पुस्तकहरूमा बप्तिस्मा दिने यूहन्नाको मुखबाट निम्न अर्ती पढ्न पाउँछौंः *'साँच्चै पश्चात्तापको निम्ति म तिमीहरूलाई पानीको बप्तिस्मा दिन्छु, तर उहाँ जो मपछि आउनुहुन्छ, उहाँ मभन्दा शक्तिशाली हुनुहुन्छ, जसका जुत्ताहरू बोक्ने लायकको म हुँदिनँ; उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ'* (मत्ती ३ः११)। यस सम्बन्धमा तपाईंले मर्कूस १ः८, लूका ३ः१६ र यूहन्ना १ः३३ पद पनि पढ्नुहोला। यो वचन त्यस बेलामा पूरा भएकै थिएन, तर यूहन्नाको विचारमा अझै पनि पूरा हुन बाँकी नै थियो।

प्रभु येशूको मृत्यु र बौरिउठाइ भइसकेपछि उहाँले पवित्र आत्माको बप्तिस्माको सम्बन्धमा आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'यूहन्नाले साँच्चै पानीको बप्तिस्मा दिए, तर अब थोरै दिनपछि पवित्र आत्माद्वारा तिमीहरूको बप्तिस्मा हुनेछ'* (प्रेरित १ः५)। प्रभु आफ्ना चेलाहरूसित बोल्नुहुँदा त्यो घटना अझै पनि भविष्यमा हुन आउने घटना थियो।

पवित्र आत्माको बप्तिस्माको सम्बन्धमा अर्को पद हामी प्रेरितको पुस्तक ११ः१६ पदमा पाउँछौं। घटनाक्रम यस प्रकारको छः प्रेरित पत्रुसले एउटा दर्शन देखेछन्। अनि यस दिव्य दर्शनअनुसार कर्नेलियसको घरमा गई उनले तिनलाई, एउटा गैर-यहूदी मानिसलाई सुसमाचार प्रचार गर्ने आदेश पाए। पत्रुस आज्ञाकारी भए; अनि कर्नेलियसको घरानाले उनको मुखबाट सुसमाचार सुने र विश्वास गरेर येशूमा मुक्ति पाए। पछिबाट उनले यरूशलेममा उनी आफू एक यहूदी मानिसले कसरी अन्यजातिका मानिसहरूसँग सँगत गरेको विषयमा आफ्नो स्पष्टीकरण दिनुपऱ्यो। उनले यरूशलेमका विश्वासीहरूलाई यस घटनाका सबै कुराहरू एक-एक गर्दै बताए अर्थात् कसरी उनले एउटा दर्शन देखेका, कर्नेलियसको घरमा जाने र तिनलाई प्रवचन सुनाउने आदेश पाएका, अनि कर्नेलियसको घरमा

उनले प्रवचन दिँदा कसरी पवित्र आत्मा उनको प्रवचन सुन्नेहरूमाथि आउनुभएको विवरण दिए। यस सिलसिलामा उनले यसो भनेः *'अनि जब म बोल्न थालें, तब पवित्र आत्मा, जसरी शुरुमा हामीमाथि ओर्लनुभएको थियो, त्यसरी नै तिनीहरूमाथि ओर्लनुभयो। तब प्रभु येशूले यसो भन्नुभएको वचन मलाई सम्झना भयोः "यूहन्नाले साँच्चै पानीको बप्तिस्मा दिए, तर तिमीहरूको बप्तिस्मा पवित्र आत्माद्वारा हुनेछ" '* (प्रेरित ११:१५-१६)। यसो भनेर पत्रुसले पेन्टेकोष्टको दिनमा घटेको घटनालाई सङ्केत गरे; यसमा शङ्का छैन।

पवित्र आत्माको बप्तिस्माको विषयमा नयाँ नियमको अन्तिम पद हामी १ कोरिन्थी १२:१३ पदमा पढ्छौं, जहाँ यस्तो लेखिएको छः *'एउटै आत्माद्वारा हामी सबैजनाको बप्तिस्मा एउटै शरीरभित्र भयो।'* अनि यस पदबाट हामीले पवित्र आत्माको बप्तिस्माको अर्थ राम्ररी बुझ्न पाउँछौं। पेन्टेकोष्टको दिनमा त्यस दिनको अघि अलग-अलग भएका प्रभुका चेलाहरू सबैजना पवित्र आत्माको बप्तिस्माद्वारा नै एउटा शरीरभित्र गाँसिए। पेन्टेकोष्टको दिनमा घटेको सबैभन्दा मुख्य कुरा यही हो। यो एक ऐसिहासिक घटना थियो। त्यस दिनदेखि आजको दिनसम्म यी बीस-एकाईस शताब्दीहरूभित्र प्रभु येशूमाथि विश्वास गरेर नयाँ जन्म पाएकाहरू जति छन्, तिनीहरू सबैजना यही ख्रीष्टको देहरूपी मण्डलीमा थपिए। प्रभुको यो मण्डली, उहाँको आत्मिक देह पेन्टेकोष्टको दिनमा शुरु भएको हो; अनि त्यस दिनदेखि आजको दिनसम्म ख्रीष्टको मण्डली बढ्दै गएको छ।

पवित्र आत्माको बप्तिस्मा पेन्टेकोष्टको दिनमा भइसक्यो। यस बप्तिस्माको लागि हामीले बाटो हेर्नुपर्दैन, र यो फेरि एकपल्ट घट्ला भनेर पर्खनुपर्दैन, कुर्नुपर्दैन, आशा गर्नुपर्दैन; किनभने यो कुरा पूरा भइसक्यो। अनि यो कुरा हामी यहाँ पनि भनिहालौंः पवित्र आत्माको बप्तिस्माचाहिँ प्रभु येशूमाथि विश्वास गरेपछि ख्रीष्ट-विश्वासीले गर्नुपर्ने दोस्रो अनुभव होइन, उसले पाउनुपर्ने दोस्रो आशिष पनि होइन। यो सरासर एउटा गलत विचार हो।

# ६ ) वर्तमान समयमा पवित्र आत्माको काम के हो ?

वर्तमान समयको विषयमा हामी निम्न कुरा पढ्छौंः *'सारा संसार त्यस दुष्टको वशमा परेको छ'* (१ यूहन्ना ५ :१९ ) । शैतान यस संसारको ईश्वर हो, जसले मुक्तिको सुसमाचार विश्वास नगरेका मानिसहरूको मन अन्धा पारेको छ (२ कोरिन्थी ४ : ४ ) ।

पवित्र बाइबलमा हामी मानिसको पापी स्वभावको विषयमा पढ्छौं । यसको अर्थ यो होइन कि सबै मानिसहरू एकदम दुष्ट छन् । किनभने कति मानिसहरूमा केही असल गुणहरू पनि छन् । तर यसको खास अर्थ यो हो कि मानिसहरू परमेश्वरको दृष्टिमा धर्मी होइनन्; मानिसहरूमा तिनीहरूले आफ्ना सृष्टिकर्ता परमेश्वरप्रति देखाउनुपर्ने श्रद्धाभक्तिमा र मानिसहरूप्रति देखाउनुपर्ने प्रेम र दयाको व्यवहारमा केही घटीकमी भएको हुनुपर्छ । अनि यसको मतलब यो पनि हो, कि मानिसहरूको नैतिक स्वभाव निक्कै सड़ेको छ र तिनीहरूको झुकाउ खराब कुराहरूप्रति बढ़ी छ । यस संसारको कुनचाहिँ मानिस होला, जसको धार्मिक अवस्था परमेश्वरको धार्मिक स्तरमा पुगेको छ ? होइन, हब्सीले आफ्नो छालाको रङ फेर्न सक्दैन, र पापी मानिसले आफ्नो स्वभाव बदल्न सक्दैन । उसले परमेश्वरलाई जसरी प्रेम गर्नुपर्छ, त्यसरी नै प्रेम गर्न सक्दैन । किनभने उसले आफूलाई र पापलाई बढ़ी माया गर्छ ।

मानिस परमेश्वरको सामु दोषी छ । अनि विचरा, उसले त्यो कुरा बुझेको छैन ! ! एक त उसभित्र भएको पापी स्वभाव छँदैछ; अनि उसले गरेका अधर्महरूको दोष उसलाई लागेको छ । कति मानिसहरूको विवेक लठ्याइएको छ; यसकारण तिनीहरूलाई आफ्ना अधर्महरूको यो दोष महसुस हुँदैन होला । तर हामी आत्मिक ज्ञानमा जत्ति बढ्दै जान्छौं, त्यत्ति नै हाम्रा अधर्महरूको दोष हामीलाई बढ़ी याद हुनेछ ।

प्रायः मानिसमा आत्मिक कुराहरू बुझ्ने समझशक्ति छैन। किनभने यसको निम्ति उससँग उसलाई चाहिने आत्मिकता छैन। यसकारण सत्यताको आत्माको विषयमा प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'... म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु; अनि जब उहाँ आउनुहुनेछ, तब उहाँले संसारलाई पापको विषयमा, धार्मिकताको विषयमा र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। पापको विषयमा; किनभने तिनीहरूले ममाथि विश्वासै गर्दैनन्। धार्मिकताको विषयमा; किनभने म आफ्ना पिताकहाँ जान्छु, अनि तिमीहरूले मलाई फेरि देख्दैनौ। अनि न्यायको विषयमा; किनभने यस संसारको शासकको न्यायको फैसला गरिसकेको छ'* (यूहन्ना १६:७-११)।

## क) पवित्र आत्माले संसारका मानिसहरूलाई पापको विषयमा किन दोषी ठहराउनुहुन्छ?

यूहन्नाको सुसमाचारको यस खण्डमा पवित्र आत्माले संसारका मानिसहरूलाई पापको विषयमा दोषी ठहराउनुहुनेछ भन्ने कुरा लेखिएको छ। यसमा ख्याल राख्नुपर्ने कुरा के हो भने, उहाँले संसारलाई पापहरूको विषयमा होइन, तर एउटै पापको विषयमा मात्र दोषी ठहराउनुहुँदो रहेछ। यसकारण यस सम्बन्धमा हामीले बुझ्नुपर्छः हाम्रो विवेकले हामीलाई हाम्रा पापहरूको दोष देखाइदिन्छ, तर हाम्रो जीवनमा एउटा मुख्य पाप छ, जसको विषयमा प्रभु येशूले यसो भन्नुभयोः *'म नआएको भए र मैले तिनीहरूलाई नभनेको भएदेखि तिनीहरूसँग पाप हुनेथिएन; तर अब त तिनीहरूसँग आफ्नो पापको लागि कुनै बहाना छैन'* (यूहन्ना १५:२२)। प्रभु येशू यस संसारमा आउनुभएको हो। उहाँको जीवन र सेवकाइ देखेपछि, उहाँको क्रूसको मृत्यु र उहाँको शरीरको बौरिउठाइ भएपछि मानिसहरूका निम्ति कुनै बहाना गर्ने ठाउँ रहेन। प्रभु येशू पापरहित, पवित्र जीवनले हामी सबैजनालाई दोषी ठहराउँछ। निर्दोष प्रभुले हाम्रा पापहरूको प्रायश्चित्त गर्न आफ्नो जीवन बलिदानको रूपमा क्रूसमा

पोख्नुभयो। तब कुरा स्पष्ट छः प्रभु येशूप्रति हाम्रो अविश्वासी व्यवहारचाहिँ हाम्रो सबैभन्दा ठूलो पाप हो रहेछ। अनि यही आफ्नो अविश्वासले गर्दा कति मानिसहरूले आजको दिनसम्म पापको क्षमा पाउन सकेका छैनन्।

संसारका मानिसहरूले सत्यताको आत्मालाई ग्रहण गर्न सक्दैनन्। पवित्र आत्माले प्रभु येशूको विषयमा साक्षी दिनुहुन्छ। प्रभु येशू को हुनुहुन्छ, सो कुरा पवित्र आत्माले स्पष्ट पार्नुहुन्छ। उहाँले प्रभु येशूका ईश्वरीय सद्‌गुणहरू बयान गरेर उहाँको गुणानुवाद गर्नुहुन्छ (यूहन्ना १५ः२६)। पवित्र आत्माले प्रभु येशूको महिमा प्रकट गर्नुहुनेछ (यूहन्ना १५ः२६ र १६ः१४)। उहाँले परमेश्वरको सत्यता पुष्टि गर्नुहुन्छ (यूहन्ना १६ः१३)। अनि पवित्र आत्माले पापलाई घृणा गर्नुहुन्छ (यूहन्ना १६ः८-९)।

## ख) पवित्र आत्माले संसारका मानिसहरूलाई धार्मिकताको विषयमा किन दोषी ठहराउनुहुन्छ?

प्रभु येशू बिलकुल धर्मी हुनुहुन्छ। परमेश्वरको दृष्टिमा उहाँ मात्र एकमात्र सिद्ध मानिस हुनुहुन्छ। संसारका अरू सबै मानिसहरू अधर्मी, पापी हुन्। प्रभु येशू आफ्नो स्वभावको धार्मिक सद्‌गुणअनुसार सधैं सम्पूर्ण रूपले धर्मी हुनुहुन्थ्यो। यसकारण उहाँले आफ्नो धार्मिकता दाबी गरेर परमेश्वर पिताको सामु खड़ा हुन सक्नुहुन्थ्यो। तर अब आफ्नो क्रूसको मृत्युद्वारा जुन इनाम उहाँले प्राप्त गर्नुभयो, त्यस इनामले गर्दा उहाँ झन् बढ़ता गरी पिताको सामु उभिन सक्नुहुन्छ। पिताको महिमाले पूर्ण शक्तिद्वारा उहाँले मृत्युको बन्धनबाट छुटकारा पाउनुभयो; यही दिव्य शक्तिद्वारा उहाँ परमेश्वर पिताको दाहिने हातपट्टि सर्वोच्च स्थानमा उठाइनुभयो। यसकारण यही दिव्य शक्तिद्वारा उहाँको क्रूसको सुसमाचारको वचनले पापी मानिसहरूमा एउटा नयाँ, आत्मिक जीवन पैदा गर्न सक्छ। अनि यही सुसमाचारको वचनद्वारा पवित्र आत्माले

मानिसहरूलाई तिनीहरूलाई परमेश्वरको सामु निर्दोष ठहराउने धार्मिकता प्रदान गर्ने सुअवसर दिँदै हुनुहुन्छ (हिब्रू ९:११-१२; २ कोरिन्थी ५:२१)।

### ग) पवित्र आत्माले संसारका मानिसहरूलाई न्यायको विषयमा किन दोषी ठहराउनुहुन्छ?

सत्यको आत्माले संसारका मानिसहरूलाई न्यायको विषयमा दोषी ठहराउने कुराले हामीलाई संसारको अन्तिम न्यायतिर लैजाँदैन, तर प्रभु येशूको क्रूसको मृत्युमा पो ल्याइपुऱ्याउँछ; किनभने त्यस ठाउँमा प्रभु येशूमाथि परमेश्वरको न्यायको दण्ड परेको थियो। अनि त्यस ठाउँमा हाम्रो शत्रु शैतानको टाउको कुच्च्याइएको थियो। प्रभु येशूले आफ्नो त्यस क्रूसको मृत्युद्वारा शैतानमाथि जय पाउनुभयो र त्यसको अन्तिम हार सुनिश्चित ठहराउनुभयो। हरेक मानिस जसले परेमश्वरको शत्रु शैतानको पक्ष लिन्छ, त्यस मानिसले शैतानसित त्यसको निम्ति तयार गरिएको सजाय भोग्नुपर्नेछ, त्यस कहिल्यै ननिभ्ने नरकको आगोको कुण्डमा। तर हरेक मानिस, जसले आफ्नो पापको विषयमा पछुताउँछ, र प्रभु येशूमाथि विश्वास गर्छ, त्यस मानिसले ख्रीष्ट येशूमा अनन्त जीवन पाउँछ।

यस सम्बन्धमा मानिसले गर्नुपर्ने निर्णय सुस्पष्ट छः कि त उसले प्रभु येशूमाथि विश्वास गरेर विश्वासद्वारा पाइने धार्मिकता प्राप्त गर्छ, कि त ऊ प्रभु येशूविना आफ्ना पापमा मर्छ। अनि यस सम्बन्धमा सुनिश्चित छः यी दुईवटा कुराहरूमा एउटाचाहिँ हाम्रो भाग हुनेछ।

## ७) पवित्र आत्माले नवीकरणको काम गर्नुहुन्छ।

आत्मिक हिसाबले सबै मानिसहरू मरेका छन्। यस्तो अवस्थामा कसैले पनि परमेश्वरसित सँगत गर्न सक्दैन; अनि यस्तो अवस्थामा परमेश्वरले हाम्रो श्रद्धाभक्ति र सेवा पनि स्वीकार गर्नुहुन्न।

यसकारण जसरी पवित्र आत्माले सृष्टिको शुरुमा प्रभावकारी काम गर्नुभएको थियो, त्यसरी नै उहाँले मानिसको नवीकरण हुँदाखेरि पनि उत्तिकै प्रभावकारी काम गर्नुहुन्छ। शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। पृथ्वी आकारविनाको र शुन्य थियो। त्यस बेलामा परमेश्वरको आत्मा पानीको सतहमाथि घुमिरहनुहुन्थ्यो (उत्पत्ति १:१-२)। अनि पानीमाथि पवित्र आत्माको यस घुमाइले जीवन पैदा गऱ्यो। त्यस्तै गरी आत्मिक रूपले मरेको मानिसलाई पापको विषयमा, धार्मिकताको विषयमा र न्यायको विषयमा दोषी ठहराउँदै पवित्र आत्माले उसको जीवनमा काम गर्न थाल्नुहुन्छ। कायल पारिएको मानिसमा प्रभु येशूमाथि विश्वास जाग्छ। अनि प्रभु येशूमाथि राखिएको उसको विश्वासले गर्दा पवित्र आत्माले उसमा एउटा नयाँ जीवन पैदा गर्नुहुन्छ। पवित्र आत्माको यो काम 'नवीकरण' भनिन्छ। नवीकरण र सुधार एउटै कुरा होइन। नवीकरणमा पवित्र आत्माले मानिसमा एउटा नयाँ आत्मिक जीवन पैदा गर्नुहुन्छ र मानिस एउटा नयाँ सृष्टि बन्दछ। यो नयाँ सृष्टि एकै क्षणमा, प्रभु येशूमाथि विश्वास गरेको पलमा, उहाँलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दाखेरि भइहाल्छ। यसरी नै हामी ईश्वरीय स्वभावमा भागीदार हुन्छौं (२ पत्रुस १:४)। हामी ख्रीष्टमा एउटा नयाँ सृष्टि हुन्छौं (२ कोरिन्थी ५:१७)। हो, यसरी हामी नयाँ गरी जन्मन्छौं। तर हाम्रो सुधारचाहिँ जीवनभरि लाग्ला।

## क) नवीकरण भनेको के हो र के होइन?

नवीकरण भनेको पानीको बप्तिस्मा होइन। पानीको बप्तिस्माद्वारा कुनै पनि मानिस नयाँ गरी जन्मिँदैन नै। पानीको बप्तिस्माचाहिँ नवीकरणको माध्यम पनि होइन, तर यस नवीकरणको बाहिरी चित्रण मात्र हो। नवीकरणचाहिँ नयाँ जन्म, माथिबाटको जन्म, परमेश्वरबाटको जन्म भनिन्छ (यूहन्ना १:१२-१३)। क्रममा नयाँ जन्मचाहिँ पानीको बप्तिस्मा लिनुभन्दा पहिलो आउँछ। नयाँ जन्म पाएको व्यक्तिले पानीको बप्तिस्मा

लिने माग गर्छ र लिन पाउँछ। नवीकरण मानिसभित्र उसको आत्मामा ल्याइएको आत्मिक परिवर्तन हो। तर पानीको बप्तिस्मा मानिसमा यो परिवर्तन भएको बाहिरी चिन्ह हो।

## ख) नवीकरण हुँदा मानिसमा के-के हुन आउँछ ?

नवीकरण हुँदाखेरि पवित्र आत्माले हामीलाई नयाँ शरीर दिने होइन, तर उहाँले हामीलाई एउटा नयाँ आत्मिक जीवन पो दिनुहुन्छ। नयाँ जन्म पाएपछि पनि हामी पहिलेको शरीरमा जिउँछौं। प्रभु येशूको दोस्रो आगमनमा हामी एउटा नयाँ शरीर पाउनेछौं। तर हाम्रो नवीकरण भएपछि हाम्रो त्यही पहिलेको शरीरभित्र एउटा नयाँ मानिस जिउँछ। अनि त्यस नयाँ मानिसमा नयाँ किसिमका अभिलाषाहरू जाग्छन्। आफ्नो जीवनको लागि एउटा नयाँ आशा लिएर त्यो मानिस बाँच्नेछ। बितेको समयमा शैतानले उसलाई पापमा फसाउने परीक्षा गर्दा ऊ पापमा गिर्थ्यो, पापमा फस्थ्यो, पापसित हार्थ्यो भने अबदेखि उसो ऊ पापको परीक्षामा स्थिर रहन सक्छ, विजयी बन्न सक्छ; अबचाहिँ उसले पापसित हार खानुपर्दैन; किनभने ऊ परमेश्वरबाट जन्मिएको छ। परमेश्वरबाट जन्मिएको मानिसमा उहाँको बीउ रहिरहन्छ; यसकारण उसले पाप गर्दैन (१ यूहन्ना ३:९ र ५:१८)।

अनि नयाँ जन्म पाएको व्यक्तिले आफ्ना भाइबन्धुहरूलाई प्रेम गर्छ। पवित्र आत्माले हाम्रो हृदयभित्र परमेश्वरको प्रेम खन्याउनुभएको छ। यसरी हाम्रो मनभित्र हाम्रा विश्वासका दाजुभाइ-दिदीबहिनीहरूप्रति साँचो प्रेम उत्पन्न भएको छ। नवीकरणको एक पक्का प्रमाण भाइबन्धुप्रति देखाइएको प्रेम हो।

अनि यस नयाँ जन्मद्वारा हामी परमेश्वरको हकवाला, अँ, ख्रीष्टसित साझे-हकवाला भएका पनि छौं (रोमी ८:१६-१७)।

## ग) नवीकरण के हो त ?

**अ)** *यो नवीकरणचाहिँ एक नयाँ जन्म हो (यूहन्ना ३:३-७; याकूब १:१८; १ पत्रुस १:२३)।*

यूहन्ना तीन अध्यायमा जब प्रभु येशूले निकोदेमस नाम गरेको मानिसलाई नयाँ जन्मको विषयमा बताउनुभयो, तब उहाँले परमेश्वरको राज्यभित्र प्रवेश गर्न नयाँ जन्म आवश्यक छ भन्ने कुरा सिकाउनुभयो। पवित्र आत्माको यस नवीकरणविना, मानिसमा यो नयाँ आत्मिक जीवन पैदा नभएसम्म कोही पनि परमेश्वरको राज्य देख्न पाउँदैन। यो नवीकरण बतास बहेको कुराजस्तै हो। बतास जहाँ चाहन्छ, त्यतै बहन्छ। हामी त्यसको आवाज सुन्छौं, तर त्यो कहाँबाट आउँछ र कहाँ जान्छ, सो जान्दैनौं। यसो भए पनि हामी नयाँ जन्म पाएको व्यक्तिलाई उसमा आएका नयाँ जीवनका प्रमाणहरूदेखि मात्र चिन्न सक्छौं।

**आ)** *यो नवीकरण आत्मिक रूपले जीवित पार्ने एउटा कार्य हो, एक प्रकारको आत्मिक बौरिउठाइ हो (एफेसी २:१, २:५ र २:१०)।*

आत्मिक हिसाबले मानिस मरेको छ। यसकारण आत्मिक जीवन पाउनलाई उसले केही पनि गर्न सक्दैन। उसको खास खाँचो शिक्षा पाउनु होइन, उसको परिस्थिति र वातावरण बदली गर्नु पनि होइन, तर उसलाई नयाँ जीवन पाउनु अति आवश्यक छ। यस नवीकरणद्वारा पवित्र आत्माले आत्मिक हिसाबले मरेको मानिसभित्र ईश्वरीय जीवन हाल्नुहुन्छ।

**इ)** *यो नवीकरण मानिसमा नयाँ स्वभाव पैदा गर्ने नयाँ सृष्टिको काम हो (२ कोरिन्थी ५:१७ र २ पत्रुस १:४)।*

छोराछोरीहरूको बनावट आफ्ना बुबाआमाको जस्तै हुन्छ। हामी मानिस भएको हुनाले हाम्रो शरीरमा रगत र मासु छ। अनि प्रभु येशू पनि मानिस हुनुहुन्थ्यो। यसकारण उहाँ देहधारी हुनुहुँदा उहाँले रगत र मासुको शरीर धारण गर्नुभयो। उहाँ क्रूसमा मर्नुभयो, र यसरी नै उहाँले हाम्रा निम्ति मृत्युको बन्धन तोड़िदिनुभयो (हिब्रू २:१४)। परमेश्वरको शक्तिमा उहाँ बौरिउठ्नुभयो र फेरि जीवित हुनुभयो। उहाँमाथि विश्वास गर्ने सबैजना पवित्र आत्माको शक्तिशाली कार्यद्वारा उहाँको ईश्वरीय स्वभावका भागी भएका हुन्छन्।

**ई)** *यो नवीकरण हुँदा मानिसले आफ्नो बसाइ सार्दो रहेछ (कलस्सी १:१३)।*

प्रेरित पावलले कलस्सीको पत्रको यस पदमा हामीलाई दुईवटा राज्यहरूको विषयमा बताएका छन्। एकपट्टि अन्धकारको राज्य छ, जुन राज्यभित्र आत्मिक हिसाबले मरेका सबै मानिसहरू हुन्छन्। अनि जब कसैको नवीकरण हुन्छ, तब त्यस मानिसको बसाइ अर्को राज्यभित्र सारिन्छ। त्यो राज्य परमेश्वरको पुत्र प्रभु येशूको ज्योतिको राज्य हो, जहाँ प्रेम र धार्मिकताले वास गर्छन्।

यसरी नै पवित्र आत्माले मानिसमा नवीकरणको काम गर्नुहुन्छ र उसलाई परमेश्वरको स्वरूपमा परिवर्तन गर्नुहुन्छ।

# ८) पवित्र आत्मा कहाँ वास गर्नुहुन्छ?

परमेश्वरले मानिसलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभयो। यसो गर्दा मानिससित सँगत गर्नु नै उहाँको उद्देश्य र अभिप्राय थियो। तर मानिस अनाज्ञाकारी भयो, अनि उसले परमेश्वरसितको यो सँगति गुमाइपठायो। तर मोशाको समयमा इस्राएलीहरूको लागि उजाड़स्थानमा खड़ा गरिएको भेट हुने पालद्वारा, साथै पछि राजा सुलेमानले स्थापित गरेको परमेश्वरको भवनरूपी मन्दिरद्वारा नै परमेश्वरले मानिससित सँगत गर्ने आफ्नो इच्छा अझै कायम राख्नुभयो। किनभने दुवै भेट हुने पाल र सुलेमानले बनाएको मन्दिरचाहिँ परमेश्वरको महिमाले भरिए। यस कुराले त्यहाँ परमेश्वरको उपस्थिति भएको सङ्केत गर्छ।

जब परमेश्वरले छान्नुभएका मानिसहरू अर्थात् इस्राएलीहरूले पाप गरे, तब परमप्रभुको महिमाले भेट हुने पाललाई छोड़्यो। तर जब परमेश्वरको निम्ति आफ्नो निर्धारित गरिएको समय आयो, तब उहाँले आफ्ना एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो। हामीलाई पापबाट

छुटकारा दिनलाई उहाँ क्रूसमा मर्नुभयो। यसरी नै उहाँ संसारका सबै जातिका मानिसहरूका निम्ति एकमात्र मुक्तिदाता हुनुभयो। पेन्टेकोष्टको दिनमा पवित्र आत्मा आउनुभयो, र उहाँले प्रभु येशूमाथि विश्वास गर्नेहरूको झुण्ड अर्थात् परमेश्वरको मण्डलीलाई भरिदिनुभयो, र त्यसमा वास गर्नुभयो। हरेक स्थानीय मण्डली परमेश्वरको मन्दिर हो (१ कोरिन्थी ३:१६)। अनि हरेक ख्रीष्ट-विश्वासीको शरीर पवित्र आत्माको मन्दिर भएको छ (१ कोरिन्थी ६:१९)। यस वर्तमान युगमा प्रभुको मण्डलीमा, साथै विश्वासी-विश्वासीको जीवनमा वास गर्नु नै पवित्र आत्माको मुख्य उद्देश्य र उहाँको प्रमुख काम हो।

## क) पवित्र आत्मा कसकहाँ आएर वास गर्नुहुन्छ?

पवित्र आत्मा नयाँ जन्म पाएकाहरू सबैभित्र अर्थात् प्रभुका सबै जनहरूभित्र वास गर्नुहुन्छ (१ कोरिन्थी ६:१९)। कोरिन्थमा भएको मण्डलीमा कोही-कोही विश्वासीहरू थिए, जसले पाप गरेका थिए। तिनीहरूमा पनि पवित्र आत्माले वास गर्नुभएको थियो। किनकि पवित्र आत्मा पाउनु एउटा दान हो, इनाम होइन। पवित्र आत्मा पाउनलाई हामीले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। यो विश्वास परमेश्वरको आज्ञाप्रति हाम्रो आज्ञाकारिता हो। अनि यस विश्वासको आधारमा पवित्र आत्मालाई दिइन्छ (प्रेरित ५:३२)। जुन समयमा कुनै व्यक्तिले आफ्ना पापहरूको विषयमा पछुताउँछ र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्छ, त्यस बेलामा पवित्र आत्मा उसकहाँ आएर उसभित्र वास गर्नुहुन्छ। अनि पवित्र आत्मा केही समयको लागि आउनुहुन्न, तर उहाँ सधैंको निम्ति ख्रीष्ट-विश्वासी-हरूमा वास गर्नुहुन्छ। जुन मानिससँग पवित्र आत्मा हुनुहुन्न, त्यस मानिसले मुक्ति पाएको छैन र उसको नयाँ जन्म भएको पनि छैन (रोमी ८:९)। यस्ताहरूको विषयमा यहूदाले आफ्नो पत्रमा यसो लेखेर तिनीहरूको अवस्था बयान गरेः *'यिनीहरू अलग रहनेहरू, विलासीहरू, आत्मा नभएकाहरू हुन्'* (यहूदा १:१९)।

## ख) जब कुनै ख्रीष्ट-विश्वासीले पाप गर्छ, तब पवित्र आत्माले उसलाई छोड्नुहुन्छ भन्ने कुरा के यो साँचो हो ?

होइन नि ! यो कुरा साँचो होइन; किनभने ख्रीष्ट-विश्वासीहरूमा पवित्र आत्माको बसाइ स्थायी बसाइ हो (यूहन्ना १४:१६)। यसकारण जब एकजना विश्वासीले पाप गर्छ, तब उसले परमेश्वरसितको सँगति र आफ्नो आनन्द गुमाउँछ; अनि त्यस कुराले उसको सेवकाइमा नराम्रो असर पार्छ। पापले गर्दा हामीभित्र वास गर्नुभएको पवित्र आत्मा दुःखित हुनुहुन्छ र हामीमा उहाँको शक्ति र प्रभाव कम हुँदै जान्छ। तर कसैले पनि पवित्र आत्मालाई हराउन सक्दैन (एफेसी ४:३०)।

तर राजा दाऊदको विषयमा कुरा केकसो हो ? कतिजनाले यसको विषयमा प्रश्न गर्लान्। हो, दाऊदको प्रार्थना यस प्रकारको थियोः *'... र तपाईंको पवित्र आत्मा मबाट नलैजानुहोस् !'* (भजन ५१:११)। उनले मुक्तिको उमङ्ग गुमाएका थिए; यसकारण उनले यसो प्रार्थना गरेका थिए। अनि अर्को कुरा पनि हामीले याद गर्नुपर्छः यो अनुभव उनले पुरानो नियमको समयमा गरेका थिए, जुन समयमा पवित्र आत्माले स्थायी रूपमा कुनै मानिसभित्र वास गर्नुभएको थिएन। पाप गरेको हुनाले वर्तमान समयमा कुनै ख्रीष्ट-विश्वासीले दाऊदले झैं प्रार्थना गर्नु आवश्यक छैन; किनभने पवित्र आत्माले हामीभित्र सधैंको निम्ति वास गर्नुभएको हो।

## ग) पवित्र आत्मा कहिले, कुन बेलामा हामीकहाँ आएर हामीभित्र वास गर्नुहुन्छ ?

जुन बेलामा कुनै मानिसले प्रभु येशूमाथि विश्वास गर्छ र उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छ, अनि आफ्नो जीवन प्रभु येशूको हातमा सुम्पन्छ, त्यही बेलामा पवित्र आत्मा उसकहाँ आएर वास गर्नुहुन्छ (एफेसी १:१३)। यसो भने पनि हामीले नयाँ

नियमको पुस्तकमा दुईवटा उदाहरणहरूमा ध्यान दिनुपर्छ, जुन उदाहरण-हरूअनुसार पवित्र आत्माले 'विश्वासी'हरूभित्र वास नगर्नुभएको देखिन्छ र बुझिन्छ।

**यसको पहिलो उदाहरणः**

जुन बेलामा प्रभु येशूको प्रचारक फिलिपको सेवकाइद्वारा सामरियाका मानिसहरूले परमेश्वरको वचन ग्रहण गरे, त्यस बेलामा यरूशलेमबाट प्रभु येशूका प्रेरितहरू पत्रुस र यूहन्ना तिनीहरूकहाँ आए। अनि त्यहाँ पुगेपछि यी प्रेरितहरूले ती सामरीहरूका निम्ति तिनीहरूले पवित्र आत्मालाई पाऊन् भन्ने हेतुले प्रार्थना गरे। त्यसपछि उनीहरूले तिनीहरूमाथि आफ्ना हातहरू राखे, अनि तिनीहरूले पवित्र आत्मालाई पाए (प्रेरित ८:१४-१७)।

त्यस जमानाको कुरा होः यहूदीहरूले सामरीहरूसित कुनै सम्बन्ध राख्दैनथिए। यहूदीहरूले यरूशलेममा परमेश्वरको उपासना गर्थे भने सामरीहरूले अर्को ठाउँमा, गेरिजीम पहाड़मा आफ्नो रीतिअनुसार ईश्वरको पूजाआजा गर्थे। जब सामरीहरूले पवित्र आत्मा पाए, तब तिनीहरू र यहूदीहरूको बीचमा भएको छेक्ने बार, त्यो वैरभाव हटिगयो। यरूशलेमबाट आएका प्रेरितहरूले त्यहाँका मानिसहरूको आत्मिक अवस्था बुझे। अनि उनीहरूले आफूलाई त्यस ठाउँमा भएका ख्रीष्ट-विश्वासीहरूसित एक तुल्याए। यसैकारणले प्रेरितहरूले तिनीहरूमाथि आफ्ना हातहरू राखे, र उनीहरूको हातरखाइले यी नयाँ विश्वासीहरूले पवित्र आत्मालाई पाए। यसो नहुँदो हो त यहूदीहरूको छुट्टै मण्डली र सामरीहरूको छुट्टै मण्डली हुनेथियो।

**यसको दोस्रो उदाहरणः**

जब प्रेरित पावल एफेससमा आइपुगे, तब उनले बप्तिस्मा दिने यूहन्नाका केही चेलाहरूलाई भेट्टाए। तिनीहरूले अघि कुनै समयमा यूहन्नाले प्रचार गरेको पश्चात्तापको बप्तिस्मा लिएका थिए। प्रेरित पावलले तिनीहरूलाई भेटेको बेलामा तिनीहरू ख्रीष्ट येशूका साँचो चेलाहरू

थिएनन्। यसकारण प्रेरित पावलले तिनीहरूलाई प्रभु येशूको सुसमाचार प्रचार गरे। तब तिनीहरूले साँचो हुने गरी विश्वास गरे। मत्ती ३ः११ पदअनुसार तिनीहरूले पश्चात्तापको निम्ति पानीको बप्तिस्मा त लिएका थिए, तर प्रभु येशूमाथि विश्वास चाहिँ गरेका थिएनन्। यसैले तिनीहरूले त्यस समयमा पवित्र आत्मालाई पाएका थिएनन्। मुक्ति पाउने आशामा तिनीहरूले यूहन्नाको हातबाट बप्तिस्मा लिएका थिए, तर यूहन्नाको बप्तिस्माद्वारा तिनीहरूको यो आशा पूरा भएन। यूहन्नापछि आउनुहुने प्रभु येशूमाथि तिनीहरूले विश्वास गर्नु बाँकी नै थियो। अनि समयको अन्तरालमा प्रेरित पावलले तिनीहरूलाई एफेससमा भेटे र तिनीहरूलाई सुसमाचार प्रचार गरे। तिनीहरूले पावलको कुरा सुनेर प्रभु येशूमाथि विश्वास गरे, र त्यही नयाँ विश्वासको आधारमा प्रभु येशूको नाममा बप्तिस्मा लिए। जब पावलले तिनीहरूमाथि आफ्ना हातहरू राखे, तब तिनीहरूले पवित्र आत्मालाई पाए (प्रेरित १९ः१-६)।

अनि यी दुईवटा घटनाहरू बढ़ाइएको पेन्टेकोष्टको दिन भनिन्छ।

## ९) पवित्र आत्माको छाप के हो?

हरेक ख्रीष्ट-विश्वासीभित्र पवित्र आत्मा वास गर्नुहुन्छ। यति मात्र होइन, तर सबै विश्वासीहरूमाथि उहाँको छाप पनि लगाइएको हुन्छ। यो तथ्य नयाँ नियममा मात्र प्रकट गरिएको छ। यस सम्बन्धमा हामीले पुरानो नियममा केही पनि पढ्न पाउँदैनौं।

जब प्रेरित पावलले एफेससमा भएका विश्वासीहरूलाई आफ्नो पत्र लेखे, तब उनले तिनीहरूलाई पवित्र आत्माको सम्बन्धमा निम्न शिक्षा पेश गरेः तिनीहरूले सत्यको वचनरूपी मुक्तिको सुसमाचार सुने र प्रभु येशूमाथि विश्वास गरे। अनि प्रभु येशूमाथि विश्वास गरेको कारणले पवित्र आत्माको छाप तिनीहरूमाथि लगाइएको थियो (एफेसी १ः१३)। यो छाप हाम्रो व्यवहारसित सम्बन्धित हुँदैन। तर हामीले यस पत्रको अर्को

ठाउँमा पवित्र आत्मालाई शोकित नपार्ने आज्ञा पाएका छौं (एफेसी ४:३०)। प्रेरित पावलले दिएको शिक्षाअनुसार पवित्र आत्माको छापको विषयमा कुरा सफा छः जुन व्यक्तिमाथि पवित्र आत्माको छाप लगाइन्छ, त्यस व्यक्तिले प्रभु येशूमाथि विश्वास गरेको हुनुपर्छ। नयाँ जन्म लगत्तै पवित्र आत्माको छाप लगाइन्छ। सबै ख्रीष्ट-विश्वासीहरूमाथि यो छाप लगाइएको छ। अनि साँचो विश्वासीहरूमाथि मात्र यो छाप लगाइन्छ।

पवित्र आत्माको छापचाहिँ किनिएको सम्पत्तिको बैनाको रूपमा हामीमाथि लगाइएको छ। हाम्रो पूरा छुटकारा बाँकी रहन्छ, अनि त्यस दिनसम्म यो ईश्वरीय सम्पत्तिमाथि लगाइएको छाप हामीमाथि रहिरहन्छ (एफेसी १:१४)। किनकि हरेक विश्वासीचाहिँ दाम तिरेर किनिएको हो। यसकारण हामी आफैका होइनौं, तर परमेश्वरको निजी सम्पत्ति भएका छौं (१ कोरिन्थी ६:१९-२०)। हामीलाई पापको बन्धनबाट छुटकारा दिने दाम प्रभु येशू ख्रीष्टको बहुमूल्य रगत हो। तर पूरा छुटकारा हामी प्रभु येशूको दोस्रो आगमनमा मात्र पाउनेछौं। किनकि त्यस दिनमा हाम्रो शरीरले पनि छुटकारा पाउनेछ। यसकारण हामी यस संसारमा बाँचुन्जेल, पवित्र आत्माको छाप हाम्रो जीवनभरि नै हामीमाथि रहिरहन्छ।

## पवित्र आत्मको छापको अर्थ के हो ?

***क)*** *यस ईश्वरीय छापले परमेश्वरको सम्पत्ति किन्ने काम पूरा भएको कुरा पुष्टि गर्छ।*

पवित्र आत्माको छापको सम्बन्धमा पवित्र आत्माको नाम 'बैनाको आत्मा' भनिन्छ (२ कोरिन्थी १:२२)। परमेश्वरले हामीमा एउटा असल काम शुरु गर्नुभएको छ (फिलिप्पी १:६); अनि यो काम उहाँले हामीमा प्रभु येशू ख्रीष्टको दिनसम्म पूरा गर्नुहुनेछ। त्यो बैना वा धरौटीले यो कुरा सुनिश्चित गर्छ। एक दिन हरेक विश्वासीको पूरा उद्धार हुने नै छ। हाम्रा पापको छुटकाराको दाम तिरिसक्यो, र हामीले मुक्ति पायौं। वर्तमान समयमा हामीले दिन प्रतिदिन पापको बन्धनबाट छुटकारा पाउँदै

जिउनुपर्छ। तर एक दिन आउनेछ, जुन दिनमा हामी पापको उपस्थितिबाट पनि पूरा उम्कन पाउनेछौं। योचाहिँ हाम्रो छुटकाराको दिन हुनेछ, जसको लागि हामीले बाटो हेर्दै बसेका छौं। प्रेरित पावलले अर्को ठाउँमा के लेखे भने, हामी जससँग आत्माको पहिलो फल छ, अँ, हामी आफूले पनि धर्मपुत्रको रूपमा ग्रहण हुने दिन अर्थात् हाम्रो शरीरको छुटकाराको दिनको बाटो हेर्दै बाँचिरहेका र वर्तमान संसारमा आफूभित्र ऐयाआत्था गरिरहेका छौं (रोमी ८:२३)।

***ख)*** *पवित्र आत्माको छापले हामी कसका हौं, सो कुरा पुष्टि गर्छ।*

हामी आफ्नो मालिक होइनौं। हामी दाम तिरेर किनिएका हौं (१ कोरिन्थी ६:१९-२०)। परमेश्वरले हाम्रो निम्ति यो छुटकाराको दाम तिरिदिनुभयो; यसकारण हामी उहाँको सम्पत्ति भयौं। प्रभु येशूले उहाँका हुनेहरू सबैलाई चिन्नुहुन्छ। यसकारण उनीहरूमाथि यो कुरा पुष्टि गर्ने छाप लगाइएको छ। परमेश्वरको यस बलियो जगमाथि यो किन्ने काम सुदृढ़ गरिएको छ (२ तिमोथी २:१९)। यस विषयमा प्रभु येशूले यसो भन्नुभयोः *'म आफ्ना भेड़ाहरूलाई चिन्छु'* (यूहन्ना १०:१४)। हरेक प्रभुको जनमाथि एउटा निशान लगाइएको छ। यो निशानचाहिँ पवित्र आत्माको छाप हो। अनि जुन मानिससँग पवित्र आत्माको छाप छैन, अथवा जससँग ख्रीष्टको आत्मा हुनुहुन्न, त्यो मानिस उहाँको सम्पत्ति होइन (रोमी ८:९)।

***ग)*** *पवित्र आत्माको छापले हाम्रो आत्माको सुरक्षा पुष्टि गर्छ।*

हाम्रो पूरा उद्धार नभएसम्म यो छाप हामीमाथि रहिरहन्छ (एफेसी ४:३०)। त्यस दिनसम्म प्रभुको जन सुरक्षित रहन्छ। यस सम्बन्धमा प्रभु येशूले यसो भन्नुभयोः *'म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ'* (यूहन्ना १०:२८)। *'मेरा पिता जसले ती मलाई दिनुभयो, उहाँ सबैभन्दा महान् हुनुहुन्छ; अनि मेरा पिताको हातबाट कसैले पनि*

*तिनीहरूलाई खोसेर लैजान सक्दैन'* (यूहन्ना १०:२९)। यसर्थ हाम्रो जीवन ख्रीष्ट येशूसँग परमेश्वरमा लुकेको छ (कलस्सी ३:३)। यसकारण प्रभुको हरेक जन सम्पूर्ण रूले सुरक्षित छ, र सुरक्षित रहिरहन्छ।

***घ)*** *पवित्र आत्माको छापले हाम्रो विश्वास साँचो विश्वास हो, र हामी साँच्ची नै प्रभुका जन हौं भन्ने करा पुष्टि गर्छ।*

हामी प्रभु येशूका सच्चा विश्वासी जन हौं भन्ने कुरा पुष्टि गर्ने एकमात्र पक्का प्रमाण पवित्र आत्माको छाप हो। किनभने यो छाप हामीमाथि लगाईकन परमेश्वर आफूले 'हामी उहाँका सन्तान हौं' भन्ने प्रमाण दिनुहुन्छ। अनि हामी परमेश्वरका सन्तान भएको नाताले परमेश्वरले 'हे अब्बा, हे पिता' भन्दै पुकार्ने आफ्नै पुत्रको आत्मा पठाएर हाम्रो हृदयभित्र हालिदिनुभएको हो (गलाती ४:६)।

***ङ)*** *पवित्र आत्माको छापले हामीलाई दिइएको परमेश्वरको अधिकार पुष्टि गर्छ।*

मिस्र देशको कुरा होः यूसुफलाई फाराओको छाप-औंठी दिइयो, र त्यस औंठीको साथमा तिनलाई मिस्र देशमाथि पूरा अधिकार पनि दिइयो। ख्रीष्ट येशूमा परमेश्वरले हरेक विश्वासीलाई आत्मिक हिसाबले जीवित पारिदिनुभएको छ; त्यत्ति मात्र होइन, तर हामी ख्रीष्ट येशूसित बौरेका पनि छौं र उहाँको साथमा स्वर्गीय स्थानहरूमा बसालेका पनि छौं (एफेसी २:५-६)। यो आत्मिक स्तर एक अधिकारको स्थान हो; यस उच्च स्थानमा हामीलाई यस स्वर्गीय अधिकारको साथमा जिम्मेवारी पनि दिइएको छ। हाम्रो नागरिकता स्वर्गमा भएको हुनाले हामी विश्वासीहरू यस संसारमा परदेशी र प्रवासी भएर जिउनुपर्छ। यस संसारमा हामी ख्रीष्टको प्रतिनिधि गर्ने उहाँका राजदूतहरू हौं। यो ठूलो जिम्मेवारी हामीलाई दिइएको छ। किनभने प्रभु येशूलाई स्वर्ग र पृथ्वीको सारा अधिकार दिइएको छ; अनि यही अधिकारमा उहाँले हामीलाई 'सारा संसारमा जाओ' भन्ने आदेश दिनुभएको छ; उहाँले हामीलाई सुसमाचार

प्रचार गर्न र जाति-जातिका मानिसहरूलाई उहाँका चेलाहरू बनाउने काममा पठाउनुभयो। यसकारण हामी ख्रीष्टका राजदूत हौं; हामी प्रभु येशूको नाममा मानिसहरूलाई परमेश्वरसित मेलमिलाप राख्ने आह्वान दिन्छौं (२ कोरिन्थी ५:१८-२०; मत्ती २८:१८-२०)।

# १०) पवित्र आत्माको भरपूरी के हो ?

प्रेरित पावलले संसारका सबै मानिसहरूलाई आत्मिक हिसाबले तीन भागहरूमा लगाउँछन् (१ कोरिन्थी २:९-३:३)। उनको शिक्षाअनुसार मानिस कि त प्राकृतिक हुन्छ, कि शारीरिक हुन्छ, कि त आत्मिक हुन्छ।

***क)*** *प्राकृतिक मानिसः* प्रभु येशूबाट मुक्ति नपाएका सबै मानिसहरू यस आत्मिक अवस्थामा हुन्छन्।

***ख)*** *शारीरिक मानिसः* यो मानिसचाहिँ प्रभु येशूमाथि विश्वास त गरेको छ; तैपनि ऊ आफ्नो शरीरको इच्छाअनुसार जिउँछ।

***ग)*** *आत्मिक मानिसः* प्रभु येशूसित नजिकको सम्बन्ध राखेर यो मानिस पवित्र आत्माको नियन्त्रणमा रहन्छ।

यसकारण यसो भन्न मिल्छः

- कुनै मानिसहरू प्रभु येशूमा रहिरहन्छन् भने कति मानिसहरू ख्रीष्टमा रहँदैनन्।
- कुनै मानिसहरू ज्योतिमा हिँड्छन् भने कति मानिसहरू अन्धकारमा हिँड्छन्।
- कुनै मानिसहरू आत्माको भरमा चल्छन् भने कति मानिसहरू शरीरका अभिलाषाहरूअनुसार चल्छन्।
- कुनै मानिसहरू पवित्र आत्माले भरिएका हुन्छन् भने कति मानिसहरू पवित्र आत्माले भरिएका हुँदैनन्।

पवित्र धर्मशास्त्र बाइबलमा यस विषयमा कुरा बुझ्नु हो भने हामी के थाहा पाउँछौं भने,

- पवित्र आत्माले हामीमा वास गर्नुभएको कुरा खोज भन्ने आदेश हामीलाई दिइएको छैन।
- पवित्र आत्माको छाप हामीमाथि लगाइओस् भन्ने कुरा तिमीहरू खोज भन्ने आज्ञा छैन।
- पवित्र आत्माको बप्तिस्मा हामीलाई मिलेको होओस् भन्ने कुरा खोज्नु व्यर्थ हो; किनभने यस प्रकारको आज्ञा हामीलाई दिइएको छैन।

हामी एफेसी ५ः१८ पदमा यसो लेखिएको पढ्छौंः *'अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ !'*

पवित्र आत्माले भरपूर हुनुचाहिँ कुनै अनौठो, उल्लासित, आत्मिक अनुभव होइन। पवित्र आत्माको भरपूरी हाम्रो आत्मिक खोजको अन्तिम लक्ष्य पनि होइन। हामीले पवित्र आत्माको भरपूरीको मतलब बुझ्नुपर्छ; किनभने आत्माको भरपूर भएको अवस्थाचाहिँ हामीलाई हाम्रो लक्ष्यमा पुऱ्याउने माध्यम हो। एफेसीका विश्वासीहरूलाई लेखिएको पावलको पत्रमा हामी पवित्र आत्माको भरपूरीको सम्बन्धमा चारवटा कुरा सिक्न सक्छौं। यी चारवटा कुराहरूबाट कुन मानिस पवित्र आत्माले भरिएको छ र कुन मानिस भरिएको छैन भन्ने कुरा स्पष्ट हुन्छ। एफेसी ५ः१८-२१ पदको खण्डअनुसार यी चारवटा कुराहरू यस प्रकारका छन्ः

१) पवित्र आत्माले भरिएको मानिस अरू विश्वासीहरूको आत्मिक उन्नति र प्रभुको महिमाको निम्ति बोल्छ।

२) पवित्र आत्माले भरिएको मानिस आफ्नो हृदयमा प्रभुको निम्ति गाउँछ।

३) पवित्र आत्माले भरिएको मानिसले प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर पितालाई सबै कुराहरूका निम्ति धन्यवाद चढ़ाउँछ।

४) पवित्र आत्माले भरिएको मानिस परमेश्वरको भय राख्छ र अरूको अधीनतामा बस्न सक्छ।

प्रेरितको पुस्तकमा घरिघरि प्रभु येशूका चेलाहरूको विषयमा उनीहरू पवित्र आत्माले भरिएको वर्णन छ। यी खण्डहरूमा ध्यान दिएर हामी के थाहा गर्छौं भने

*प्रेरित २:४:* तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र तिनीहरू प्रभुका महान् कामहरूको विषयमा बोल्न लागे।

*प्रेरित ४:८:* प्रेरित पत्रुस पवित्र आत्माले भरिए, र यहूदी शासकहरूलाई एकजना रोगी मानिसको चङ्गाइको विषयमा साहससित आफ्नो स्पष्टीकरण दिए।

*प्रेरित ४:३१:* तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र तिनीहरूले परमेश्वरको वचन साहससित बोले।

*प्रेरित* ६ र ७ *अध्याय:* पवित्र आत्माले भरिएका स्टिफनसले वचन प्रचार गरे।

*प्रेरित ११:२४:* बर्नबास पवित्र आत्मा र विश्वासले भरपूर भएका व्यक्ति थिए; अनि तिनको सेवकाइद्वारा धेरै मानिसहरू प्रभुमा आए।

*प्रेरित १३:९:* पवित्र आत्माले भरिएका प्रेरित पावलले एलिमासलाई हप्काए।

पवित्र धर्मशास्त्र बाइबलका यी खण्डहरूबाट एउटा कुरा स्पष्ट देखा पर्छः पवित्र आत्माको भरपूरीचाहिँ सेवकाइको लागि दिइँदो रहेछ; यो त्यसै, उद्देश्यहीन अनुभव होइन रहेछ।

एफेसी ५:१८ पद यसरी अनुवाद गर्न सकिन्छः 'आत्माले भरपूर हुँदै रहो !' किनभने पवित्र आत्माको भरपूरी सबै ख्रीष्ट-विश्वासीहरूको निम्ति लगातार भइरहने अनुभव हुनुपर्छ। कति मानिसहरूले दाबी गरेजस्तै पवित्र आत्माको भरपूरी दोस्रो अनुभव वा दोस्रो आशिष होइन। किनकि जहाँ दोस्रो अनुभव हुन्छ, त्यहाँ तेस्रो, चौथो र पाँचौं अनुभव पनि हुन सक्छ, र हुन्छ पनि। अनि साँच्ची नै यस सम्बन्धमा यो कुरा सत्य होः परमेश्वरले हामीलाई अझै पनि नयाँ अनुभवहरू दिन नसक्ने आत्मिक उच्च स्तरमा हामी आइपुगेका हुँदैनौं होला; अँ, यस्तो स्तरमा हामी कहिल्यै पुग्नु नपरोस् !

हामी प्रेरित १३:४५ पदमा के पढ्छौं भने यहूदीहरू डाहाले भरिए, र तिनीहरूले प्रेरित पावललाई विरोध गरेर उनको निन्दा गरे। अर्को ठाउँमा प्रभुका चेलाहरू शोकले भरिए। यसर्थ हामी यो भन्न सक्छौंः जसरी पानी-जहाजको पाल हावाबतासले भरिन्छ र त्यसको नियन्त्रणमा रहेर चलिरहन्छ, त्यसरी नै हरेक भरिएको मानिस पनि हुन्छः त्यो चीज जेसुकै होस्, जुन चीजले मानिस भरिएको हुन्छ, त्यस चीजको नियन्त्रणमा ऊ रहिरहन्छ। मतपानले भरिएको मानिस मातेको हुन्छ। यस्तो अवस्थामा त्यो मानिस मतपानको नियन्त्रणमा रहन्छ। ठीक त्यस्तै, पवित्र आत्माले भरपूर भएको व्यक्ति पवित्र आत्माको नियन्त्रणमा रहन्छ।

के पवित्र आत्माले भरिएको व्यक्तिले आफ्नो अवस्थाको विषयमा केही जान्दछ ? वास्तवमा, हामी प्रभु येशूसित जति नजिकको सम्बन्धमा जिउँछौं, त्यत्ति नै बढ़ी हामी आफ्ना कमजोरीहरू, आफ्नो अयोग्यता र आफ्नो पापी स्वभाव थाह गर्छौं (यशैया ६:१-५)। प्रभुको पवित्र उपस्थितिमा हामी आफूमा गर्व गर्ने कुनै कारण भेट्टाउँदैनौं (लूका ५:८)। पवित्र आत्माको भरपूरीमा हामी आफूलाई अरू ख्रीष्ट-विश्वासीहरूभन्दा माथि उचाल्दैनौं, अरूभन्दा आत्मिक भएको हामीलाई लाग्दैन, अँ, हामी प्रभुको आशिषको चरमसीमामा आइपुगेको जस्तो लाग्दैन। पवित्र आत्माले भरिएको मानिसको ध्यान आफूमाथि केन्द्रित हुँदैन, तर सधैं प्रभु येशूमाथि केन्द्रित रहन्छ।

यसो भए पनि पवित्र आत्माले भरिएको मानिसलाई के थाहा लाग्छ भने, परमेश्वरले उसमा र उसद्वारा काम गर्दै हुनुहुन्छ भन्ने कुरा उसलाई महसुस हुन्छ। उसको निम्ति परिस्थितिहरू अचम्म प्रकारले बदली हुँदै जान्छन्। उसको सेवकाइद्वारा परमेश्वरले मानिसहरूको जीवनमा परिवर्तनहरू ल्याउनुहुन्छ; तिनीहरूले आत्मिक उन्नति गर्छन्। उसले कदम-कदममा परमेश्वरको अगुवाइ पाउँछ। कहिलेकाहीं प्रभुले प्राकृतिक नियमहरू पनि आफ्ना प्रिय जनहरूका निम्ति प्रयोग गर्नुहुन्छ। उसले यस्ता कुराहरू अनुभव गर्छ। परमेश्वरले उसका निम्ति र उसद्वारा काम गर्नुहुन्छ भन्ने कुरा उसले बुझ्छ। यसो भए पनि उसले यी सबै कुराहरूमा प्रभुलाई पूरा श्रेय दिन्छ र आफूलाई यसको निम्ति कुनै महिमा दिँदैन। किनभने यी सबै कामहरू प्रभुका हुन् भन्ने कुरा उसले आफूभित्र स्पष्टसित थाहा गर्छ।

पवित्र आत्माले भरिएको व्यक्तिको जीवनमा पवित्र आत्माका लक्षणहरू यस प्रकारका छन्ः

**क)** उसको चरित्रमा पवित्र आत्माको फल देखिन्छ (गलाती ५:२२-२३)।

**ख)** उसको केही न केही सेवकाइ भएको हुनुपर्छ (यूहन्ना ७:३७-३९; एफेसी २:१०)। कसैको सेवकाइले गर्दा हामी उसलाई आत्मिक भएको भन्दैनौं; तर पवित्र आत्माको भरपूरी सेवकाइको निम्ति दिइन्छ र सेवकाइबाट चिनिन्छ।

**ग)** उसको जीवन परमेश्वरको स्तुति र धन्यवादले भरिएको हुन्छ (एफेसी ५:१८-२०)।

**घ)** पवित्र आत्माले उसलाई शिक्षारूपी प्रकाश दिनुहुन्छ (यूहन्ना १६:१२-१५; १ कोरिन्थी २:१२; १ यूहन्ना २:२७)।

**ङ)** पवित्र आत्माले उसलाई अगुवाइ गर्नुहुन्छ (रोमी ८:१४)।

**च)** पवित्र आत्माले उसलाई प्रार्थना गर्ने प्रेरणा दिनुहुन्छ, अनि प्रार्थना गर्दा उसलाई साथ दिनुहुन्छ।

# ११) पवित्र आत्माको विरोधमा गरिने पापहरू कुन-कुन हुन् ?

पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ; यसकारण उहाँको विरोधमा पाप गर्नु सम्भव छ। उहाँ कुनै शक्ति मात्र हुनुभएको भए उहाँको विरोधमा पाप गर्न असम्भव हुनेथियो।

## क) परमेश्वरको पवित्र आत्मालाई शोकित नपार ! (एफेसी ४:३०)

हरेक ख्रीष्ट-विश्वासीभित्र पवित्र आत्माले व्यक्तिगत रूपमा वास गर्नुहुन्छ। हाम्रो जीवनका सबै असल र खराब सोचविचार र काम-कुराहरूले उहाँसितको हाम्रो सम्बन्ध र हाम्रो चरित्र असर गर्छन्-गर्छन्। एफेसी ४:२५ पदबाट शुरु गरेर प्रेरित पावलले कति कुराहरू उल्लेख गरे, जुन कुराहरूले पवित्र आत्मालाई शोकित पार्छन्, जस्तैः झूट बोल्नु, रिसाउनु, शैतानलाई ठाउँ दिनु, चोर्नु, हाम्रो मुखबाट निस्केका कुवचनहरू, तीतोपना, क्रोध, कलह, निन्दा र वैरभावले आदि। यी पापहरू र यस्ता अरू अनैतिक कुराहरूले पवित्र आत्मालाई शोकित पार्छन्। प्रभुका चेलाहरू भएको नाताले हामी एक-अर्कोप्रति दयालु हुनुपर्छ, कोमल मनका हुनुपर्छ, एक-अर्कालाई क्षमा गर्नुमा सक्षम हुनुपर्छ। यसकारण यदि यी सद्‌गुणहरू र यस्ता अरू असल गुणहरू हामीमा छैनन् भने हामीले पवित्र आत्मालाई शोकित पारेका हुनुपर्छ (एफेसी ४:२५-३२)।

## ख) पवित्र आत्मालाई ननिभाओ ! (१ थेस्सलोनिकी ५ : १९)

पवित्र आत्मालाई शोकित पार्ने काम हाम्रो व्यक्तिगत जीवनलाई असर पार्छ भने पवित्र आत्मालाई निभाउने काम हाम्रो सेवकाइसित सम्बन्धित छ। पवित्र आत्मालाई शोकित पारेर हाम्रो व्यक्तिगत जीवनको चरित्रमा नराम्रो असर पर्छ भने पवित्र आत्मालाई निभाउने पाप गर्ने भाइले आफ्नो सेवकाइमा क्षति पुऱ्याउँछ। यो कुरा हामी निम्न उदाहरणबाट बुझाउने कोशिश गर्छौं: मानौं हामी आफ्नो स्थानीय मण्डलीमा कुनै सेवा गर्ने रीति अपनायौं, जुन सेवाको रीतिले गर्दा पवित्र आत्माले हाम्रो सेवासँगतिमा स्वतन्त्रतासाथ काम गर्न पाउनुहुन्न। तब हामीले पवित्र आत्मालाई निभाउने काम गर्छौं। यहाँ, यस पदमा पवित्र आत्मालाई बलिरहेको आगोसित तुलना गरिएको छ। पवित्र आत्माको आगो निभाउँदाखेरि हामी यस आत्मिक आगोभित्र पानी हाल्ने काम गर्छौं। पवित्र आत्मालाई निभाउने काम विभिन्न प्रकारले गर्न सकिन्छ। तल उल्लेख गरिएका कुराहरूमा ध्यान दिनु असल हो; किनभने यी कुराहरूमा ध्यान नदिएको हुनाले हामी पवित्र आत्माको आगो निभाउने काम गर्न पुग्छौं।

**अ)** प्रभुको सेवामा हामीले पवित्र आत्माको अगुवाइ पाएपछि तुरुन्तै त्यसको आज्ञापालन गर्नुपर्छ।

**आ)** पवित्र आत्माले हामीलाई प्रभुको सेवा गर्न दिनुभएको मौका हामीले सधैं छोप्नुपर्छ।

**इ)** सेवकाइमा हामीले सांसारिक उपाय र तरिकाहरू कहिल्यै अपनाउनुहुँदैन।

**ई)** प्रभुबाट आएको कुनै प्रेरणाविना हामीले आफ्नो मनबाट उठेको प्रभुको सेवा गर्ने आफ्नो इच्छा पूरा गर्नुहुँदैन। यस प्रकारको सेवा ग्रहणयोग्य हुँदैन।

**उ)** पवित्र आत्माको आगो नित्य बलिरहोस् भन्ने हेतुले हामीले यसको निम्ति निरन्तर प्रबन्ध गर्नुपर्छः दिन प्रतिदिन हामीले उचित आत्मिक खुराक लिनुपर्छ र त्यस कुरामा अल्छे हुनुहुँदैन।

**ऊ)** अरू मानिसहरूको विषयमा चर्च गर्ने सम्बन्धमा हामी एकदम होशियार बस्नुपर्छ। हामी कसैको विरोधमा झूट बोल्नुहुँदैन, अँ, कसैको निन्दा गर्नुहुँदैन।

**ए)** बरु हामीले अरू विश्वासीहरूलाई साहस र उत्साह पो दिनुपर्छ।

**ऐ)** हामीले फोहोर कुरा, अश्लील कुरा, मूर्ख बातचित, अँ, ठट्टा-दिल्लगी कहिल्यै गर्नुहुँदैन।

**ओ)** हामीले झूटो आगो बाल्नुहुँदैन। आत्मामा जोशिलो हुनु राम्रो हो; तरै पनि शारीरिक जोश र धोकापूर्ण आत्मिक अवेगहरू अपनाउनुदेखि हामी सदैव होशियार बस्नुपर्छ।

## ग) पवित्र आत्माको विरोधमा झूट बोल्नुहुँदैन (प्रेरित ५:३)।

प्रेरितको पुस्तकमा हननिया र सफीराको निम्न बयान छः हननियाले आफ्नी पत्नी सफीरासित राजी भएर आफ्नो धनसम्पत्तिको कुनै एक भाग बिक्री गऱ्यो। त्यसको दामबाट आफ्नो निम्ति केही हिस्सा निकालेर उसले त्यसको बाँकी भाग प्रेरितहरूकहाँ सुम्पिदियो। यसो गर्दा उसले त्यसको जम्मै दाम बुझायो भन्ने बहाना गरेको थियो। बर्नबासको उदाहरण नोकल गरेर यी दुईजनाले सायद मानिसहरूको प्रशंसा पाउन खोजे होलान्। प्रेरित पत्रुसले हननियालाई हप्काउँदा उसलाई यसो भनेः *'पवित्र आत्मासित झूट बोल्न ... शैतानले किन तिम्रो हृदय भरिदियो ?'* प्रेरित ५:१-११ पदको खण्डमा हेरेर यो खण्ड पूरा पढ्नुहोला।

हामी मनमा पूरा इमानदार हुनुपर्छ। हामी सधैं नै सत्य, अँ, बिलकुल सत्य रहनुपर्छ। हामी सधैं साँचो बोल्नुपर्छ। यसो नहुँदा हामी पवित्र आत्माको विरोधमा झूटो व्यवहार गरेका हुन्छौं।

## घ) पवित्र आत्माको सामना गर्नुहुँदैन (प्रेरित ७:५१)।

प्रेरितको पुस्तकको सात अध्यायमा स्तिफनसको जीवनको निम्न घटना उल्लेख गरिएको छः पवित्र आत्माले भरिएपछि उनले यहूदीहरूलाई तिनीहरूको अविश्वासको विषयमा दोष देखाइदिए। तिनीहरूको त्यो अविश्वासचाहिँ पवित्र आत्माको सामना गरेको तिनीहरूको पाप ठहरियो।

## ङ) पवित्र आत्माको निन्दा गर्नुहुँदैन (मत्ती १२:२२-३२)।

दुष्ट आत्मा लागेको एकजना मानिस थियो, जो यसले गर्दा अन्धा र गुँगा पनि थियो। त्यो मानिस एक दिन प्रभु येशूकहाँ ल्याइयो; अनि उहाँले त्यसलाई निको पार्नुभयो। यो कुरा देखेर सबै मानिसहरू छक्क परे, र तिनीहरूले भनेः 'अरे, के यहाँ नै दाऊदको पुत्र हुनुहुन्न र?' प्रभु येशूले गर्नुभएको यस अचम्मको काममा तिनीहरूले मसीह राजा तिनीहरूको बीचमा आउनुभएको पक्का प्रमाण र सुनिश्चित चिन्ह देखे। तर विश्वास नगर्ने फरिसीहरूले धेरैजनाको मुखबाट यो अङ्गीकार सुनेपछि यसो भन्दै यसको विरोध गर्न थालेः 'पक्का पनि यस मानिसले दुष्ट आत्माहरूको शासक बेल्जेबुलद्वारा विना दुष्ट आत्माहरू निकाल्दैन।' पवित्र आत्माले तिनीहरूलाई दिनुभएको साक्षी तिनीहरूले विश्वास गर्न चाहेनन्। यसकारण तिनीहरूले त्यसको विरोधमा बोल्न लागे।

तिनीहरूको यो विचार थाहा पाएर प्रभु येशूले यस सम्बन्धमा के भन्नुभयो भने, 'आपसमा फाटो भएको हरेक राज्य टिक्न सक्दैन।' तब शैतानको सहायता लिएर उहाँले दुष्ट आत्माहरू कसरी निकाल्न सक्नुहुन्छ त? त्यो कुरा असम्भव छ। यसकारण यस सम्बन्धमा गम्भीर चेतावनी

दिँदै उहाँले भन्नुभयोः *'मानिसहरूलाई हरेक किसिमको पाप र ईश्वरनिन्दा क्षमा गरिनेछ, तर पवित्र आत्माको विरोधमा गरिएको निन्दाचाहिँ मानिसहरूलाई कहिल्यै क्षमा गरिनेछैन।'*

यस किसिमको पाप विश्वास नगर्ने मानिसहरूले मात्र गर्न सक्छन्। जब पवित्र आत्माले कसैलाई प्रभु येशू उसको मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा देखाउनुहुन्छ र त्यस मानिसले यो साक्षी ग्रहण गर्दैन, तब उसले पवित्र आत्माको विरोधमा पाप गर्छ; किनकि उसले आफ्नो निम्ति येशूमा प्रस्तुत गरिएको पापको क्षमा पाउने उपाय सरासर इन्कार गरेको छ। तर जुन मानिस त्यसलाई दिइएको ईश्वरीय साक्षीको विरोधमा बोल्छ, त्यो मानिस पवित्र आत्माको निन्दा गरेको खतरामा परेको छ, जुन प्रकारको पाप कहिल्यै क्षमा हुन सक्नेछैन।

तर जुन मानिसले उसलाई प्रभु येशूको विषयमा दिइएको साक्षी विश्वास गरेर ग्रहण गर्छ, त्यस मानिसको जीवनमा निम्न प्रतिज्ञा पूरा भएको छः *'हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्महरूबाट शुद्ध पार्न परमेश्वर विश्वासयोग्य र धर्मी हुनुहुन्छ'* (१ यूहन्ना १:९)।

# १२) पवित्र आत्मा र अन्य भाषाहरू

प्रभु येशूलाई ग्रहण गरेपछि मानिसले पवित्र आत्माको बप्तिस्मा पाउनुपर्छ भन्ने झूटो शिक्षा पेन्टेकोष्टल र क्यारिस्म्याटिक समूहहरूमा बढ़ी सुन्न पाइन्छ। अनि 'अन्य भाषा बोल्नुचाहिँ पवित्र आत्मा पाएको, पवित्र आत्माको बप्तिस्मा भएको प्रमाण हो' भनेर तिनीहरूले सिकाउने गर्छन्। 'अन्य भाषाचाहिँ पवित्र आत्मा पाएको एकमात्र प्रमाण हो' भन्ने कुरा तिनीहरूमध्ये धेरैले दाबी गर्छन्। तर यो कुरा सत्य होइन। अन्य भाषा बोल्ने सम्बन्धमा प्रभुका जनहरूको बीचमा धेरै वादविवाद चलिरहेको छ। यसो भए पनि हामीले यहाँ यो विषय उठाउनुपरेको छ।

लिङ्डुल् एण्ड स्कोटद्वारा प्रकाशित ग्रीक शब्दकोशमा अन्य भाषाको परिभाषा यस प्रकारले दिइएको छः " 'ग्लोस्सा' शब्दको खास अर्थ जिब्रो हो, जुन जिब्रो हाम्रो बोल्ने अङ्ग हो । 'ग्लोस्सा' शब्दको अर्थ भाषा पनि हो, जुन भाषा आफ्नै मातृभाषा वा अरू कसैको भाषा हुन सक्छ, जसको भाषा हामी बुझ्दैनौं । 'ग्लोस्सा'-शब्दको तेस्रो अर्थ पनि छः जिब्रोजस्तो रूप ।"

पवित्र धर्मशास्त्र बाइबलको प्रेरित २:१-११ पदको खण्डमा मात्र हामी अन्य भाषा बोल्ने वरदान कसरी दिइएको थियो र कसरी प्रयोग गरियो, सो बयान पढ्न पाउँछौं । पवित्र बाइबलभरि हेर्नुहोस्, तर यो खण्ड छोड़ेर हामी अन्य ठाउँहरूमा अन्य भाषा बोल्ने वरदानको बारेमा त्योभन्दा बढ़ी स्पष्टीकरण पाउँदैनौं । यसकारण आउनुहोस्, हामी प्रेरितको पुस्तकको दुई अध्यायको यो खण्ड अध्ययन गरौं !

पेन्टेकोष्टको दिनमा प्रभु येशूका चेलाहरूले यरूशलेममा भेला भई पिताको प्रतिज्ञा पर्खिरहेका दस दिन भइसक्यो । यस प्रतिज्ञाको विषयमा प्रभु येशूले उनीहरूलाई अघिदेखि नै अवगत गराउनुभएको थियो (प्रेरित १:४) । त्यस बेलामा आगोका जस्ता चिरा परेका जिब्राहरू उनीहरूकहाँ देखा परे र उनीहरूको एक-एकमाथि बसे; अनि यी जिब्राहरूका निम्ति ग्लोस्सा भन्ने ग्रीक-शब्द प्रयोग गरिएको छ । तत्कालै उनीहरू सबैजना पवित्र आत्माले भरिए, र उनीहरू अरू भाषाहरूमा बोल्न लागे । ग्रीक भाषामा 'हेतेराइस ग्लोस्साइस' लेखिएको छ अर्थात् उनीहरू 'अरू भाषाहरूमा' बोल्न लागे ।

अनि त्यस समयमा आकाशमनिको हरेक जातिबाट आएका भक्त यहूदी मानिसहरू यरूशलेममा भेला भएका थिए । यी मानिसहरू सबै यहूदी थिए, तर यिनीहरू इस्राएल देशमा जिएका थिएनन् । जब प्रभुका चेलाहरू बसेको घरमा त्यो हुरूरूरू आवाज सुनियो, तब यी मानिसहरूको एउटा भीड़ त्यहाँ भेला भयो । मानिसहरू छक्क परे; किनभने यिनी-हरूमध्ये हरेक मानिसले प्रभुका जनहरूलाई उसको आफ्नै मातृभाषामा बोलेका सुन्यो । ग्रीक नयाँ नियममा यहाँ 'डिअलेक्तोस्' लेखिएको छ, जुन शब्दबाट अङ्ग्रेजी 'dialect' भन्ने शब्द आएको छ, जसको अर्थ उप-भाषा

हो। अनि यी सबै मानिसहरू छक्कै परे। अनि प्रभुका चेलाहरूले बोलेका भाषाहरू यी मानिसहरूले नबुझेका भए यिनीहरू यति छक्क नपर्नुपर्नेथियो। तर यिनीहरूले आपसमा यसो भन्दै अचम्म माने: *'हेर, के यी बोल्नेहरू सबै गालीली होइनन् र? तब कसरी हामीमध्ये हरेकले जुन भाषामा हामी जन्म्यौं, त्यही भाषा तिनीहरू बोलेका सुन्दैछौं ह?'* यहाँ भाषाको निम्ति ग्रीकमा फेरि 'डिअलेक्तोस्' भन्ने शब्द लेखिएको छ। तर त्यहाँ उपस्थित भएका अरू मानिसहरूले चाहिँ खिसी गर्दै भने: 'यी मानिसहरू नयाँ मद्यले लट्ठ भएका छन्।' किनभने तिनीहरू प्रेरित २:६ पदमा उल्लेख गरिएका बाहिरबाट आएका यहूदी मानिसहरू थिएनन्, तर इस्राएलवासी यहूदीहरू भएका हुनुपर्छ, जसले प्रभुका चेलाहरूले बोलेका अन्य भाषाहरू बुझेनन्। (प्रेरित २:३-११)।

त्यस दिनमा खास गरेर के भएको थियो? यरूशलेममा भेला भएका यहूदी मानिसहरूले प्रभुका चेलाहरूलाई आफ्नै-आफ्नै भाषा बोलेका सुनेका थिए। यी प्रभुका जनहरू गालीली थिए, जसले ती मानिसहरूसँग तिनीहरूकै भाषामा कुरा गर्दैथिए, जुन भाषाहरू उनीहरूले कहिल्यै सिकेका र त्यो दिनभन्दा अघि कहिल्यै जानेका पनि थिएनन्। त्यहाँ उपस्थित भएका मानिसहरू प्रायः सबैले हिब्रू र ग्रीक भाषा जान्दथे। यसकारण तिनीहरूसित अरू अन्य भाषाहरूमा बोल्नु दरकार हुनेथिएन। यसो यो भने, तिनीहरूसँग अन्य भाषाहरूमा बोल्ने उद्देश्य के थियो? ती मानिसहरूसित बातचित गर्नु त्यसको खास उद्देश्य होइन रहेछ। तर कहिल्यै नसिकेका र अघि कहिल्यै नजानिएका भाषाहरूमा बोल्नु एउटा अचम्मको काम थियो, जुन आश्चर्यकर्म ती मानिसहरूका निम्ति एउटा चिन्ह थियो। यस चिन्हद्वारा परमेश्वरले आफ्नो सन्देश बोल्ने वक्ताहरूको ईश्वरीय अधिकार पुष्टि गर्न चाहनुभयो। यसबाट हामी के बुझ्छौं भने, नयाँ नियममा अन्य भाषाहरू बोल्ने वरदान दिइएको मुख्य उद्देश्यचाहिँ एउटा अचम्मको कामद्वारा परमेश्वरका वक्ताहरूको ईश्वरीय अधिकार पुष्टि गर्नु हो। पेन्टेकोष्टको दिनमा अन्य भाषाहरू बोलिए, तर यसको उद्देश्य एक-अर्काको कुरा बुझ्नु थिएन; किनभने अन्य भाषाहरू

नबोलीकन तिनीहरूले एक-अर्कासित कुरा गर्न सक्नेथिए, अँ, हिब्रू वा ग्रीक भाषा बोल्नु तिनीहरूलाई झन् सजिलो लाग्नुपर्नेथियो। तर ती मानिसहरू छक्क परेर यसको खास मतलब के हो, सो जान्न चाहे। अनि तिनीहरू अलमलमा परेको बेलामा पत्रुसले तिनीहरूलाई तिनीहरू सबैले बुझ्ने हिब्रू भाषामा यसको उत्तर दिए, जुन उत्तर हामी पत्रुसको प्रवचनको रूपमा प्रेरितको पुस्तकको दुई अध्यायको बाँकी भागमा पढ्न पाउँछौं। यसकारण प्रेरितको पुस्तकको दुई अध्यायमा अन्य भाषाहरू किन दिइए, किन बोलिए, सो कुरा हामीले बुझ्ने कोशिश गर्नुपर्छ।

१ कोरिन्थी १२ अध्यायमा प्रेरित पावलले के सिकाउँछन् भने, पवित्र आत्माले आफ्नै इच्छाअनुसार प्रभुको मण्डलीको हरेक सदस्य-सदस्यालाई अर्थात् ख्रीष्टको देहको हरेक अङ्गलाई कुनै न कुनै आत्मिक वरदान बाँड़िदिनुहुन्छ। १ कोरिन्थी १३ अध्यायमा उनले हामीलाई के अर्ती दिन्छन् भने, हामीले यी आत्मिक वरदानहरू प्रेमको साथ प्रयोग गर्नुपर्छ। यसको सिलसिलामा उनले यसो लेखेः *'स्वर्गदूतहरूका भाषाहरू मैले बोले पनि मसँग प्रेमचाहिँ छैन भने म ठ्याङठ्याङ गर्ने पित्तल वा झ्याइँझ्याइँ गर्ने झ्याम्टाजस्तो मात्र भएको छु।'* यसकारण हामीसँग प्रेम छैन भने हाम्रो वरदान जेसुकै किन नहोस्, हामी काम नलाग्ने भएका छौं। प्रेरित पावलले यहाँ स्वर्गदूतको भाषामा बोलेको उदाहरण दिए, तर पवित्र बाइबलभरि कहीं पनि स्वर्गदूतको भाषा बोलेको बयान नै छैन, बरु स्वर्गदूतहरू मानिसहरूको भाषामा बोलेको वृत्तान्त पो छ। अनि १ कोरिन्थी १४ अध्यायमा आएर प्रेरित पावलले घरिघरि एउटै कुरा फेरि र फेरि दोहोर्‍याइदिन्छन्ः जे हामी गर्छौं, यी सबै कुराहरूद्वारा मण्डलीको उन्नति हुनुपर्छ। यो कुरा मुख्य हो। जहाँ नबुझिने अन्य भाषा बोलिन्छ, त्यहाँ भाषा उल्लासित भएको कारणले होइन, तर भाषाको अनुवाद नभएको कारणले बोलेको कुराको मतलब बुझिँदैन र कसैको उन्नति हुँदैन।

अनि यस सम्बन्धमा यो कुरा पनि याद गरौंः कुनै स्थानीय मण्डली एकै ठाउँमा भेला हुँदा प्रायः विभिन्न भाषाहरू बोल्ने जातिका मानिसहरू उपस्थित हुँदैनन्, जसरी पेन्टेकोष्टको दिनमा विभिन्न भाषाहरू बोल्ने

यहूदीहरू यरूशलेममा जम्मा भएका थिए। अनि याद गर्नुपर्ने अर्को कुरा पनि छः भविष्यवक्तहरूका आत्मा भविष्यवक्ताहरूकै अधीनतामा रहनु-पर्छ। ठीक नियन्त्रणमा नरहने मानिसको बोलीवचन परमेश्वरको तर्फबाट आएको हुँदैन, अनि बुझ्न नसकिने कुरा गरेमा यसैबाट कसैलाई कुनै प्रकारको लाभ हुँदैन।

## क) के अन्य भाषाहरू बोल्नु शेष भएको छ?

*'प्रेम कहिल्यै टल्दैन; तर चाहे भविष्यवाणीहरू होऊन्, ती बितेर जानेछन्, चाहे भाषाहरू होऊन्, ती बन्द हुनेछन्, चाहे ज्ञान होस्, त्यो बितेर जानेछ'* (१ कोरिन्थी १३:८)। अन्य भाषाहरू बन्द हुनेछन्, अर्थात् अन्य भाषाहरू बोल्ने काम आफैआफ शेष हुनेछ भन्ने कुरा पावल प्रेरितले कोरिन्थमा भएका विश्वासीहरूलाई यहाँ आफ्नो पहिलो पत्रमा लेखे। यसमा हामीले बुझ्नुपर्छः अन्य भाषा बोल्ने वरदान अचम्मको काम गर्ने वरदान थियो; अनि यस प्रकारका आश्चर्यकर्महरू भइरहने युग प्रभु येशूका प्रेरितहरूको समयभित्र सीमित थियो र उनीहरूसित शेष पनि भयो। पछि लेखिएका नयाँ नियमका पत्रहरूमा हामी अन्य भाषाहरूको बारेमा केही पनि पढ्न पाउँदैनौं। यसर्थ अन्य भाषा बोलेको अचम्मको कामचाहिँ इस्राएलीहरूका निम्ति एउटा ईश्वरीय चिन्ह पो भएको रहेछ भन्ने बुझिन्छ (१ कोरिन्थी १४:२१-२२; यशैया २८:११-१२)। यो चिन्ह तिनीहरूको अविश्वासले गर्दा तिनीहरूलाई चेतावनीको रूपमा दिइएको थियो। नयाँ नियमका सबै पुस्तकहरू र पत्रहरू लेखिसकेपछि अन्य भाषाहरू बोल्ने खाँचो पनि भएन।

कुन बेलामा अन्य भाषाहरू बोलेको कुरा शेष भयो, यसको बारेमा पवित्र बाइबलमा कहीं उल्लेख गरिएको छैन। १ कोरिन्थी १३:८ पदमा प्रेरित पावलले प्रयोग गरेको ग्रीक भाषाको जुन क्रियापद नेपालीमा 'बन्द हुनेछन्' भनेर अनुवाद गरियो, त्यस क्रियापदको खास अर्थ यस प्रकारको छः अन्य भाषाहरू फेरि कहिल्यै नबोलिने किसिमले बन्द हुनेछन्।

यस सम्बन्धमा यो कुरा जान्न पनि लाभदायक होलाः इस्वी संवत् १५० सालमा श्री मोन्तानुस र ऊसित अरू दुईजना अगमवादिनीहरूले अन्य भाषाहरू बोल्न थाले, अनि तिनीहरूले परमेश्वरबाट नयाँ प्रकाश पाएको दाबी गरे, जुन प्रकाश तिनीहरूको विचारमा मानिसहरूले पवित्र धर्मशास्त्र बाइबलजत्तिकै मान्नुपर्नेथियो। तर मण्डलीले मोन्तानुसलाई चाहिँ झूटो शिक्षक ठहरायो।

इस्वी संवत् १८३० सालको कुरा होः श्री एडवार्ड इर्विङले पनि केही नयाँ प्रकाशहरू पाए, जुन प्रकाशहरू पवित्र धर्मशास्त्रको शिक्षाको विपरीत थिए। तिनले गरेका भविष्यवाणीहरूमध्ये धेरैभन्दा धेरै पूरा भएनन्, तर झूटा ठहरिए। अनि तिनीबाट शारीरिक चङ्गाइ पाएकाहरूमध्ये कतिजना मानिसहरू थोरै समयभित्र मरिगए। हिजोआज चलिरहेको अन्य भाषा बोल्ने चलन इस्वी संवत् १९०१ सालमा अमेरिकाको केन्सस् प्रदेशको टोपेका भन्ने ठाउँमा अवस्थित भएको बेथेल बाइबल कोलेजमा श्रीमत्ती एग्नेस् ओज्म्यानबाट शुरु भएको हो।

तर यस सम्बन्धमा आज धेरैजनाले इमानदारीपूर्वक यो प्रश्न सोध्छन्ः

## ख) आजभोलि कुन प्रकारका अन्य भाषाहरू बोलिन्छन् त ?

यस विषयमा हामीले यहाँ उठाएका हाम्रा निम्त चारवटा तर्कहरूमा ध्यान दिनुहुन अनुरोध गर्छौं। धन्यवाद !

***अ)*** *आजभोलि बोलेका अन्य भाषाहरू सकल वरदानका नकल हुन सक्छन्।*

प्रायः सबै क्यारिस्म्याटिक समुदायहरूमा अन्य भाषा बोल्नुपर्छ भन्ने शिक्षाले गर्दा धेरैजनाले आफू अन्य भाषा नबोले पनि बोलेको बहाना गर्नुपर्छ, नत्र ता यी विचराहरू तिनीहरूको बीचमा ग्रहण गरिँदैनन्। यसकारण यी अन्य भाषा बोल्न नसक्नेहरूले आफ्नो आत्मिक जीवनमा

केही घटी भएको महसुस गर्छन्। यसो हुँदा प्रभुको मण्डलीमा दुई प्रकारका विश्वासीहरू पाइँदा रहेछन्। अन्य भाषा बोल्नैपर्छ भन्ने शिक्षा सिकाउने शिक्षकहरूले गर्दा अन्य भाषा नबोल्नेहरू आत्मिक होइनन्, तर आत्मिक स्तरमा नपुगेका देखिन्छन्। यसकारण क्यारिस्म्याटिक समुदाय-हरूमा धेरैजनाले जसोतसो अन्य भाषामा बोल्न सिक्नुपर्छ, र भेषमा तिनीहरूसित एक भएको देखा पर्छन्।

***आ)*** *आजभोलि बोलेका अन्य भाषाहरू मानसिक अभ्यासको फल हुन सक्छ।*

प्रायः सबै क्यारिस्म्याटिक सभाहरूमा ठूलो जोश र उमङको साथ सेवासङ्गति गरिन्छ। भेला हुँदा केही न केही अलौकिक कुरा घट्नैपर्छ भन्ने उत्साह र आशा सबैजनासँग हुन्छ। यस्ता सभाहरूमा भइरहेको उल्लासित अवस्थामा कुनै मानिसले आफ्नो मानसिक सन्तुलन गुमाउनु सजिलो छ। यस्तो वातावरणमा अन्य भाषा बोल्न पुग्न केही बेर लाग्दैन। मोर्मन् चर्चको स्थापक श्री जोसेफ स्मिथले आफ्ना अनुयायीहरूलाई यसो भन्दै अन्य भाषामा बोल्न लाउँथेः 'तिमीहरू सबै एकसाथ खड़ा होओ ! अनि केही बेर बोल्दै र मुखबाट आवाज निकाल्दै रहो ! तब प्रभुले बोल्दै गरेको तिमीहरूको त्यो आवाज अन्य भाषामा परिणत गर्नुहुन्छ।'

***इ)*** *आजभोलि बोलेका भाषाहरू भूटा हुनु सम्भव छ।*

अन्य भाषा बोल्ने कुरा इसाई धर्मभित्र मात्र सीमित नभएर अन्य धर्महरूमा पनि पाइन्छ। मुसलमान धर्म र हिन्दु धर्मका अवलम्बीहरूमध्ये कतिजना अन्य भाषा बोल्छन्। एस्किमो जातिमा र तिब्बती लामाहरूमा, अँ, मन्त्रतन्त्र गर्ने धामीझाँक्रीहरूमा पनि कतिले अन्य भाषा बोल्न सक्छन् भन्ने कुरा सर्वविदितै छ। आत्मिक वरदानको सम्बन्धमा प्रेरित पावलले १ कोरिन्थी १२-१४ अध्यायको खण्डमा विश्वासीहरूलाई खाँटी शिक्षा दिए। उनले यस खण्डको शुरुमा दिएको अर्तीमा ध्यान दिनु उचित छ, जहाँ उनले तिनीहरूलाई यसो लेखेः *'अब भाइहरूहो, आत्मिक*

*वरदानहरूको विषयमा तिमीहरू अनजान रहेको मेरो इच्छा छैन। तिमीहरूलाई थाहै छः तिमीहरू जसोतसो डोस्याइएर गुँगा मूर्तिहरूकहाँ बहकिएर गएका अन्य जातिका मानिसहरू थियौ। यसकारण म तिमीहरूलाई जानकारी दिन्छु, कि परमेश्वरको आत्माद्वारा बोल्ने कुनै मानिसले पनि "येशू श्रापित छ" भनेर भन्दैन; अनि पवित्र आत्माद्वारा बाहेक कसैले पनि "येशू नै प्रभु हुनुहुन्छ" भनेर भन्न सक्दैन।'* (१ कोरिन्थी १२ः१-३)। प्रेरित पावललाई यसो किन लेख्नु खाँचो परेको थियो ? के कोरिन्थमा भएको मण्डलीमा पवित्र आत्माले बाहेक अर्को प्रकारको आत्माले काम पो गर्न थालेको थियो कि ? अथवा के तिनीहरूमध्ये कसैले अन्य भाषा बोल्दा 'येशू श्रापित छ' भनेर भनेको थियो कि कसो ?

***ई)*** *के आजभोलि बोलेका अन्य भाषाहरू अन्य भाषाको साँचो वरदान हुन सक्छन् ?*

अन्य भाषाहरू बोल्ने सम्बन्धमा प्रेरितको पुस्तकको दुई अध्यायमा मात्र हामीले विस्तृत रूपले केही ठोस कुरा लेखिएको पाउँछौं। यो कुरा हामीले अघि गरिसक्यौं। यसकारण अन्य भाषा साँचो वरदान हुनु हो भने त्यो वरदान त्यस खण्डमा बताइएअनुसारको अन्य भाषा हुनुपर्छ। हामी यसको उदाहरण दिऔंः मानौं एउटा सभामा विभिन्न भाषा बोल्ने जाति-जातिका मानिसहरू भेला भएका छन्। अनि त्यस सभामा एकजना विश्वासी भाइ उठ्छ र कुनै यस्तो भाषा बोल्छ, जुन भाषा उसले कहिल्यै सिकेको छैन, र त्यस सभामा उपस्थित भएका कोही मानिसहरूले उसले बोलेको भाषा बुझ्छन् भने आजभोलि साँचो अन्य भाषाको वरदान छ भन्ने कुरा स्वीकार गर्न हामी तयार छौं। तर यस प्रकारको अन्य भाषा बोलेको कुरा वर्तमान समयमा सुनिँदैन, अँ, क्यारिस्म्याटिक सभाहरूको विषयमा यस प्रकारको कुरा सुन्न पाइन्छ भन्ने कुरा झन् परै जाओस्।

साँच्चै होः परमेश्वरका निम्ति कुनै कुरा असम्भव हुँदैन। उहाँले चाहनुभयो भने प्रभुको मण्डलीको जुनसुकै भाइबहिनीलाई अन्य भाषा बोल्ने वरदान दिन सक्नुहुन्छ। यसो भए पनि परमेश्वर झूट बोल्न

सक्नुहुन्न। यसकारण हामी निचोड़मा आएर यस प्रकारको तर्क उठाउन सक्छौंः १ कोरिन्थी १३ःट पदमा लेखिएअनुसार अन्य भाषाहरू आफै-आफ बन्द भए, इतिहासको साक्षी छ, अनि त्यसपछि अन्य भाषाहरू फेरि कहिल्यै बोलिनेछैनन् भने, साथै प्रेरितको पुस्तकको दुई अध्यायमा उल्लेख गरिएअनुसार आजभोलि कसैले पनि अन्य भाषा बोल्दैन भने वर्तमान समयमा अन्य भाषा बोल्ने साँचो वरदान छैन भन्ने निष्कर्षमा आइपुग्नु स्वभाविक कुरा हो।

यस सम्बन्धमा अझ बढ़ी जानकारी पाउन चाहेमा, अथवा आत्मिक कुराहरूको सम्बन्धमा तपाईंले हाम्रो सहायता पाउन चाहनुभयो भने हामी तपाईंलाई निम्त ठेगानामा हामीसित सम्पर्क राख्नुहुने अनुरोध गर्छौंः

email: nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः

www.nbcinepal.org